# छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड: ७ संख्याः ६ २०८० फागुन १ गते


## भाग-२

## छायाँनाथ रारा नगरपालिका, मुगुको

## सूचना

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको रणनिति सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# छायाँनाथ रारा नगरपालिका लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिकरण (लैसअसास) रणनिति, २०८२

## लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिकरण (लैसअसास) रणनिति, २०८२

**प्रमाणित**

मिति २०८२/०९/३०

**प्रकाशित**

मिति २०८२/११/०१

संवत् २०८२ सालको रणनिति नं. १

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको रणनिति

१. **पृष्ठभूमि**

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (लैसअसास) लाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा मानव अधिकार तथा सामाजिक विकासका दृष्टिले एक महत्वपूर्ण क्षेत्रको रुपमा लिने गरिएको छ।

**अन्तर्राष्ट्रिय सन्दर्भमा**

महिला अधिकारको अन्तर्राष्ट्रिय विधानको रुपमा रहेको **"महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने माहासन्धि, १९७९"** ले राजनितिक, आर्थिक, सामाजिक र नागरिक अधिकारमा महिलाको पूर्ण समानताको वकालत गर्छ। बेइजिङमा भएको "**बेइजिङ घोषणापत्र तथा कार्ययोजना, १९९५"** ले महिला सशक्तीकरणका लागि कार्ययोजना बनाइएको। "**सबै प्रकारका जातीय भेदभाव उन्मुलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५**" ले जाति, वर्ण वा उत्पतिको आधारमा हुने कुनै पनि विभेदलाई निषेध गरेको र नेपालले भने सन १९७१ मा अनुमोदन गरेकोले यो महासन्धि नेपलाको जातीय भेदभाव तथा छुवाछुत विरूद्धको कानूनको मुख्य आधार रहेको। त्यस्तै "**संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्य, २०३०"** ले कसैलाई पनि पछि नछाडने "**Leave No One Behind**" रहेको छ जसले लैङ्गिक समानता लक्ष्य ५ मा र असमानता न्यूनीकरण लक्ष्य १० मा समेत जोड दिएको। संयुक्त राष्ट्रसंघले सन् १९४८ मा "**मानव अधिकारको विश्वव्यापी घोषणा**" गरे पश्चात सुस्तमनस्थितिका भएका व्यक्तिहरुको लागि १९७१ डिसेम्बर २० मा "**सुस्तमनस्थिति (बौद्धिक अपाङ्गता) भएका व्यक्तिहरूको अधिकार घोषणापत्र, १९७१"** र १९७५ डिसेम्बर ९ मा "**अपाङ्गता भएका व्यक्तिहरूको अधिकार घोषणापत्र, १९७५**" घोषणापत्रले विश्वभर अपाङ्गता सम्बन्धी चेतना फैलियो र अन्नत २००६ मा "**अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धि महासन्धि, २००६ (CRPD, 2006)**" जारी भयो। नेपालले यो महासन्धिलाई वि.स. २०६६ मा अनुमोदन गरेको हो। एशिया र प्रशान्त क्षेत्रको लागि **बिवाको मेलिनियम फ्रेमवर्क (The Biwako Millennium Framework- BMF)"** जसले अपाङ्गता भएका व्यक्तिहरूको लागि बाधा रहित र अधिकारमा आधारित समाज निर्माण गर्ने रहेको, "**इन्चोन रणनीति, २०१२"** ले पहुँचयुक्त पूर्वाधार निर्माण लगायत १० वटा लक्ष्य समावेश रहेको यो रणनीतिको मुल नारा "Make the Right Real" भन्ने रहेको थियो। संयूक्त राष्ट्र संघको १७ वटा लक्षयहरू मध्ये पाँच वटा अपाङ्गताको विषय प्रत्यक्ष रूपमा उल्लेख भएको दिगो विकास लक्ष्य २०३० सम्म, त्यस्तै "**सालामन्का घोषणापत्र, १९९४"** ले समावेशी शिक्षामा जोड दिएको थियो। हाल अपाङ्गता सम्बन्धि विभिन्न सम्मेलनहरु भएको देखिन्छ। २०२५ अप्रिल २ र ३ जर्मनको बर्लिनमा **"रेस्रो विश्व अपाङ्गता शिखर सम्मेलन, २०२५"** ले अन्तर्राष्ट्रिय विकास कार्यक्रमको कम्तिमा २५ प्रतिशत बजेट प्रत्यक्ष रूपमा अपाङ्गता समावेशिकरणमा खर्च गर्ने लक्ष्य, २०२५ डिसेम्बर ३ मा "**३४ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवस**" को नारा **"Fostering Disability Inclusive Societies for Advancing Social Progress"** यस अवसरमा संयुक्त राष्ट्र संघले "सबैका लागि पहुँचयोग्य भविष्य" निर्माण गर्न

डिजिटल प्रविधि र सञ्चारलाई अपाङ्गतामैत्री बनाउने नयाँ निर्देशिका जारी गरेको हो। सन २०२५ को जुन-जुलाईमा स्पेनको सेभिल्लामा **"विकासका लागि वित्त पोषण सम्बन्धमा चौथो अन्तर्राष्ट्रिय सम्मेलन"** जसले सेभिल्ला प्लेटफर्म फर एक्सन जस्ता संयन्त्रबाट विश्वव्यापीरूपमा अपाङ्गता समावेशी विकासका लगि कसरी लगानी बढाउने र त्यसको अनुगमन कसरी गर्ने भन्ने रहेको, "**संयुक्त राष्ट्र संघीय अपाङ्गता समावेशीकरण रणनीति, २०२५**" को प्रतिवेदनले राष्ट्र संघका ९० प्रतिशत भन्दा बढी निकायहरूले आफ्नो कार्ययोजनामा अपाङ्गतालाई समावेश गरेका छ। भविष्यमा सहरहरू अपाङ्गतामैत्री हुनुपर्ने र जलवायू परिवर्तनको जोखिममा रहेका अपाङ्गता भएका व्यक्तिहरूलाई बचाउन **"Resilient and Inclusive Cities Hub (RICH)"** को सुरुवात गरि विपद व्यवस्थापनमा अपाङ्गता भएका व्यक्तिहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गरेको देखिन्छ। पछिल्लो समयमा यी कार्यहरूले **"भिक्षा होइन, अधिकार र सहभागिता विना हाम्रा बारेमा कुनै निर्णय नगर" (Nothing About Us Without Us)** भन्ने मान्यतालाई विश्वव्यापी रूपमा थप मजबुत बनाएका छन।

**राष्ट्रिय सन्दर्भमा**

संविधान देशको मूल कानून हो। संविधानले कुनै पनि देशको राजनीतिक शक्ति, संस्था तथा नागरिक बीच शक्ति नियन्त्रण र शक्ति सन्तुलनको व्यवस्था गरेको हुन्छ। संविधानले प्रदत्त गरेका प्रावधानहरुको आधारमा अधिकारहरुको व्यवस्थापन तथा राज्य व्यवस्थापन र सञ्चालन हुने भएको हुँदा संविधानमा महिला तथा समावेशीकरणका र अपाङ्गता भएका नागरिकका सवालहरु कसरी राखिएको छ भन्ने विषय निकै महत्वपूर्ण हुन्छ। नेपालको संविधानलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र अपाङ्गता भएका व्यक्तिको अधिकारहरूको पक्षबाट विश्लेषण गर्नु अहिलेको मुल आवश्यकता हो। नेपालको संविधानको प्रस्तावनामा नै लैङ्गिक विभेद अन्त्य गरी सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरिएको छ। धारा १८ को उपधारा (२) मा **सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जातजाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति,गर्भावस्था, आर्थिक अवस्था,भाषा वा क्षेत्र वैचारिक आस्थावा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्न नपाइने** व्यवस्था गरेको छ। यस वाहेक नेपालको संविधानले अपाङ्गता भएका व्यक्तिको अधिकारहरूलाई प्रष्ट रूपमा समानताको हक, शिक्षाको हक, सामाजिक सुरक्षाको हक, प्रतिनिधि सभा र राष्ट्रिय सभामा प्रतिनिधित्व, राज्यका निर्देशक सिद्धान्तमा समेटेको छ। त्यसतै राज्यले नागरिकहरुका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारिरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भन्ने व्यवस्था पनि गरेको छ। सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित आदिवासी जनजाति, उत्पीडित वर्ग, पछाडि पारिएको वा परेको वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गगता भएका व्यक्ति, गर्भावस्थामा भएको व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रुपले विपन्न खस-आर्य लगायत नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भन्ने व्यवस्था समेत गरेको छ। समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव नगरिने एवं पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुने व्यवस्था गरेको छ। **धारा २४ छुवाछुत तथा भेदभाव विरूद्धको हक** को उपधारा (१) मा कुनै पनि व्यक्तिलाई शारिरिक अवस्थाको आधारमा कुनै पनि निजि वा सार्वजनिक स्थानमा कुनै किसिमको छुवाछुत वा भेदभाव गरिने छैन र (२) मा शारिरिक अवस्थाको आधारमा कुनै पनि व्यक्तिलाई उच्च वा नीच दर्शाउने, घृणामा आधारित विचारको प्रचार प्रसार गर्न नपाएने भन्ने व्यवस्था रहेको छ। **धारा ३१ शिक्षा सम्बन्धी हक** को उपधारा (३) अपाङ्गता नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ भन्ने व्यवस्था रहेको छ। **धारा ३८ मा महिलाको हक** अन्तर्गत प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान बंशीय हक हुने, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुने, महिला विरुद्ध

धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनैपनि किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन भन्ने छ। राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुन पाउने हक हुने, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने, सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने व्यवस्था पनि संविधानले गरेको छ। **धारा ३९ बालबालिकाको हक** ले अपाङ्गता भएका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधाको हक हुने व्यवस्था रहेको छ। **धारा ४२ सामाजिक न्यायको हक**ले सामाजिक रुपले पछाडि परेको महिला, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक एवम यौनिक अल्पसंख्यक लगायतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुने, अपाङ्गता भएका व्यक्तिलाई न्याय एवं उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हक उल्लेख गरी सामाजिक न्यायको हक प्रत्याभूत गरेको छ। **धारा ४३ सामाजिक सुरक्षाको हक**ले आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका एकल महिला लगायत, अपाङ्गता भएका व्यक्तिलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको छ। साथै महिला तथा अपाङ्गता भएका व्यक्ति विरुद्ध हुने हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ। सामाजिक न्यायको हकले राज्य हरेक निकायहरुमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिता सम्वन्धी अधिकार स्थापित गरेको छ।

नेपालको संविधानले राज्यका सबै तहहरु संघीय, प्रदेश र स्थानीय तहमा महिला प्रतिनिधित्वको अनिवार्य व्यवस्था गरेको छ। स्थानीय सरकारका सबै तह, स्थानीय कार्यकारिणी, न्यायिक समिति, नगर सभा, गाउँ सभा, प्रदेश सभा र जिल्ला समन्वय समितिमा महिला प्रतिनिधित्वको अनिवार्य व्यवस्थाले राज्य प्रणालीलाई लैङ्गिक रुपमा समावेशी बनाएको स्पष्ट देख्न सकिन्छ। त्यस्तै सार्वजनिक सेवामा महिला, अपाङ्गता भएका व्यक्ति लगायतलाई प्रतिशतको आधारमा आरक्षित गरिएको छ।

नेपालको संविधानले महिला अधिकार सम्बन्धी तथा समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ। नयाँ प्रावधानहरुको प्रभावकारी कार्यान्वयन गर्दै ती अधिकारहरु सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पछाडि पारिएको वा परेको वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रुपले विपन्न खस आर्य लगायत नागरिकहरुले उपभोग गर्न सक्ने वातावरण सिर्जना गर्न आवश्यक छ।

**राष्ट्रिय योजना आयोगले पन्ध्रौं योजना**-आर्थिक वर्ष २०८१/८२-२०८५/८६ को आधार-पत्र तर्जुमा गर्दा संविधानमा व्यवस्था गरेका मौलिक हक, दिगो विकास सम्वन्धी लक्ष्य र अन्तराष्ट्रिय सन्धि, महासन्धि तथा अन्य दस्तावेजका साथै नेपाल सरकारले विभिन्न समयमा व्यक्त प्रतिवद्धताहरुलाई केन्द्रमा राखेको छ। यहि तथ्यलाई ध्यानमा राखी लैङ्गिक समतामूलक राष्ट्र बनाउने सोच तथा महिलाको समान र अर्थपूर्ण सहभागिता सहित सारभूत समानता कायम गर्ने लक्ष्य र अपाङ्गता भएका व्यक्तिहरूलाई केवल दया वा संरक्षणको पात्रका रूपमा मात्र नभई **"उत्पादनशील नागरिक"** का रूपमा विकास गर्ने, **"भत्ता मात्र होइन, काम र स्वावलम्बन"** भन्ने धारणाका साथ उनीहरूलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउने लक्ष्य लक्ष्य, अपाङ्गमैत्री पूर्वाधार, गुणस्तरीय र पहुँचयोग्य शिक्षा तथा विशिष्टीकृत स्वास्थ्य सेवाको पहुँच, प्राविधिक तथा व्यावसायीक सीप प्रदान गरी सारकारी र निजी क्षेत्रमा रोजगारीका अवसरहरू सुनिश्चित गर्ने प्रमुख रणनिति लिएको छ। त्यस्तै लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्दै महिलाको सम्मानित जीवनयापनको वातावरण सुनिश्चित गर्ने, महिला विरुद्ध हुने हिंसा, भेदभाव र शोषणको अन्त्य गर्ने, आर्थिक समृद्धि र दिगो विकासका लागि

महिलाको समान अग्रसरता तथा नेतृत्वदायी भूमिका स्थापित गर्दै श्रोत, साधन, अवसर तथा लाभमा महिलाहरुको समान पहुँच सुनिश्चित गर्ने उद्देश्यहरु पन्ध्रौं योजनाले राखेको छ।

**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११** मा उल्लेख गरिए बमोजिम नगरपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत विभिन्न बुँदाहरुले जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरु सहित सुकुम्बासी व्यवस्थापन गर्न लक्षित समुह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन, सामाजिक सुरक्षा सम्बन्धी स्थानिय तथ्याङ्क र सूचना व्यवस्थापन तथा गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन गर्ने कुराहरु उल्लेख गरेको छ। उक्त **ऐनको दफा १२** मा उल्लेख गरिए बमोजिम वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत स्थानीय तहको योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रकृया अवलम्बन गरी महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिने, वडा समितिले आफ्नो बजेट र योजनामा अपाङ्गता भएका व्यक्तिहरूको सीप विकास, आयआर्जनमूलक कार्यक्रम र क्षमता अभिवृद्धिका लागि कार्यक्रमहरू समावेश गर्नुपर्ने, वडा तहमा निर्माण हुने सार्वजनिक संरचनाहरू (जस्तैः वडा कार्यालय, स्वास्थय चौकी, विद्यालय, बाटो) अपाङ्गतामैत्री वा पहुँचयुक्त बनाउन, अपाङ्गता भएका व्यक्तिहरूको सेवा र सुविधालाई **"घरदैलोको सरकार"** (वडा कार्यालय) मार्फत नै सुनिश्चित गर्ने व्यवस्था रहेकोले लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (लैसअसास) प्रवर्धन गर्ने व्यवस्थालाई जोड दिएको छ। त्यस्तै वडा भित्रका विकास कार्यहरु कार्यान्वयन गर्दा उक्त वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका वा पारिएका महिला, बाल-बालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखि सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने कुरालाई समेत स्पष्ट रुपमा औल्याइएको छ। ऐनले वडा भित्र बाल विवाह, बहु-विवाह, लैङ्गिक हिंसा, घरेलु हिंसा, छुवाछुत, दहेज तथा दाईजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने दायित्व समेत सुम्पेको छ।

नेपालमा घरेलु हिंसा हुँदा धेरै जसो पीडितले न्याय खोज्न नगएको र पीडा सहेर बसेको देखिन्छ। जस्तै **"आर्थिक (गरिबी) रुपले समक्ष नहुनु, समाजमा बेइज्जत हुने डर हुनु, घर परिवारको डर हुनु, आफ्नो बालबच्चाको भविष्य खराब होला भन्ने सोच हुनु, पीडकले झन् यातना देला भन्ने डर हुनु, न्याय खोज्न बाहिर निस्किँदा न्यायलयबाट आफूलाई न्याय मिल्ला भन्ने विश्वास नहुनु, पीडक परिवारको सदस्य समेत हुने भएको हुँदा माया हुनु तथा अब फेरि सुध्रेला कि भन्ने सोच हुनु"** लगायतका कारणहरु पाइन्छ।

विगतमा पनि विभिन्न कानुनी तथा नीतिगत प्रावधानहरुलाई कार्यान्वयन गर्न केही मन्त्रालयहरुले जस्तैः स्थानीय विकास मन्त्रालयको **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७९"** र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका **"लैङ्गिक समानता तथा सामाजिक समावेशीतो स्थानीयकरण रणनीति, २०७५"**, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको **"स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८०"** महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको **"राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७"**, शहरी विकास मन्त्रालयको **"लैङ्गिक समानता तथा सामाजिक समावेशी मार्गदर्शन, २०७०"** प्रदेश तथा स्थानीय तहका लागि **"लैंगिक उत्तरदायी बजेट नमुना निर्देशिका, २०७७"** र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रलयको **"राष्ट्रिय अपाङ्गता नीति, २०८०"**, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रलयको **"अपाङ्गता भएको व्यक्तिको लागि समावेशी शिक्षा नीति, २०७३"**, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रलयको **"अपाङ्गता व्यवस्थापनका लागि दश वर्षे रणनीति (२०८०-२०९०)"**, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको **"नयाँ बन्ने सड़क, सरकारी भवन र सार्वजनिक स्थलहरूमा "र्याम्प र ट्याकटाइल (सेतो छडी प्रयोगकर्ताका लगि मार्ग)"** अनिवार्य गर्ने नीति", सञ्चार तथा सूचना प्रविधि मन्त्रलयको **"सरकारी वेबसाइटलाई**

**अपाङ्गतामैत्री बनाउने र टरलिभिजन समाचारहरूमा अनिवार्य साङ्केतिक भाषाको प्रयोग गर्न प्रोत्साहन"** आदि तथा हालै १५ डिसेम्बर २०२५ मा सम्पन्न **"नेपाल समावेशी शिक्षा सम्मेलन, २०२५"** र ०९ डिसेम्बर २०२५ मा **"पोष्ट-ग्लोबल डिसेबिलिटी सिम्पोजियम, २०२५"** "Post Global Disability Symposium, 2025" मार्फत मन्त्रालयहरूले आफ्ना प्रतिबद्धताहरूलाई स्थानीय तहसम्म पुऱ्याउन ४१ बुँदे **"काठमाडौं घोषणापत्र"** "Kathmandu Call for Action" समेत जारी गरेका छन्। जस्ता लैसअसास नीति तथा मार्गदर्शन तयार गरिएको थियो।

नेपालको संविधान, लैसअसास संग सम्वन्धीत नियम कानुनहरु, राष्ट्रिय तथा प्रदेश आवधिक योजनाहरु र लैसअसास र अपाङ्गता सम्बन्धि व्यवस्था कार्यान्वयनको लागि नेपाल पक्ष भएका अन्तराष्ट्रिय घोषणापत्र तथा महासन्धीहरुको व्यवस्थालाई स्थानीयकरण तथा यस नगरपालिकाको लैसअसास सम्वन्धका विशिष्ट सवालहरुको समाधान गर्दै लैजान र छायाँनाथ रारा नगरपालिका अपाङ्गता सम्बन्धी स्थानिय नीति, २०८० लाई यसै रणनीतिमा समावेश गरि छायाँनाथ रारा नगरपालिकाको "लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीति, २०८२" तयार गरिएको छ।

## २. <u>छायाँनाथ रारा नगरपालिकाको परिचयः</u>

नेपाल राज्यको पुनः संरचना संगै नेपाल राज्यको कर्णाली प्रदेश अन्तर्गत मुगु जिल्लाको सदरमुकाम साविकका श्रीनगर, कार्कीवाडा, रोवा, रुगा र पिना गाँउ विकास समितिहरु गाभिएर १४ वटा वडा विभाजन गरि स्थापना भएको छाँयानाथ रारा नगरपालिका धार्मिक मान्यता अनुसार नेपालका महत्वपूर्ण चार धामहरु बराहक्षेत्र, पशुपतिक्षेत्र, मुक्तिनाथक्षेत्र, ऋषिकेश/रुरु क्षेत्र जस्तै छायाँनाथ पनि हिन्दू धर्मावलम्वीहरुको एउटा प्रशिद्ध धाम हो जुन यसै नगरपालिका भित्र पर्दछ। यस जिल्लाको ठूलो आस्था र विश्वासको धरोहर छायाँनाथ ठाकुरज्यूको नित्य पुजाको लागि हालको छायाँनाथ रारा नगरपालिकाको वडा नम्वर दुईको चैन गाउँमा गाथ रहेको छ। मुगु कर्णाली नदी यसै नगरपालिका भएर बग्दछ। नेपालकै सबै भन्दा ठूलो तथा गहिरो रारा ताल यसै नगरपालिकामा रहेकोले सो ताल र छायाँनाथ देवताको संयुक्त अस्तित्वलाई मान्यता दिई दुवैको नामबाट यस नगरपालिकालाई छायाँनाथ रारा नामाकरण गरिएको हो। यस जिल्लामा प्रवेश गर्न पूर्वपश्चिम लोकमार्गलाई बाँकेको कोहलपुर छाडेर सुर्खेत, दैलेख, कालिकोट, जुम्ला हुँदै सडकमार्गबाट पुग्न सकिन्छ भने नेपालगञ्जबाट हवाईमार्ग मार्फत ताल्चा विमानस्थलमा आउन पनि सकिन्छ।

नेपालमा पहिलो पटक संविधान सभाबाट नेपालको संविधान निर्माण भई जारी भए सँगै देशलाई एकात्मक तथा केन्द्रीकृत शासन व्यवस्थाबाट संघीय लोकतान्त्रिक गणतान्त्रिक मुलुकका रुपमा रुपान्तरित गरिएको छ। वि.सं २०७८ सालको राष्ट्रिय जनगणना अनुसार यस नगरपालिकाको कुल जनसंख्या २४,५२७ (पुरुषः ५०.५ प्रतिशत १२,३९० जना र महिलाः ४९.५ प्रतिशत १२,१३७ जना), लैङ्गिक अनुपात १०२.०८ पुरुष प्रति १०० महिला, जनधनत्व ५१ प्रति वर्ग कि.मि. र कुल घरधुरी संख्या २,८९४ रहेको छ। कुल परिवार संख्या ४,९५२ रहेको छ भने कूल साक्षरता दर ७०.७ प्रतिशत (पुरुष ८०.३% र महिला ६१%) रहेको छ। यस नगरपालिकाको क्षेत्रफल ४८,०६९ हेक्टर र खेतीयोग्य जमीन ४,४०३ हेक्टर रहेको छ। कृषिको लागि माटो राम्रो भए तापनि जमीन समथर नभई भिरालो भएको र मलिलो माटो वर्षेनी बग्दै जाँदा कृषिको उर्वरा शक्ति नष्ट हुँदै गएको छ। परम्परागत कृषि प्रणाली, सिंचाईको असुविधा खेती लगाउने समयमा उन्नत बीउँ, मलको अभाव जस्ता कारणले कृषि उपजले कृषकको जीवनस्तरमा अपेक्षीत परिवर्तन आउन सकेको छैन। केही कृषकहरुले भने यस नगर भित्र वर्षमा बाह्रै महिना हरिया सागपातमा उत्पादन गर्दै आत्मा निर्भर हुन खोजिरहेका छन्।

मिति २०७३/११/२७ मा १४ वटा वडामा विभाजन नगरपालिकाको वडा अनुसारको संरचना देहाय बमोजिम रहेको छ। संलग्न विवरणमा घरधुरी र जनसंख्या २०७८ को जनगणनाको आधारमा उल्लेख गरिएको छ।


| वडा नं. | समावेश भएका साविक गा.वि.स./न.पा. | साविक वडा नं. | घरधुरी | जम्मा जनसंख्या | | क्षेत्रफल (वर्ग कि.मि.) | सदरमुकाम | वडा केन्द्र | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पुरुष | महिला | | | | |
| १ | श्रीनगर | १-४ | २८० | २,१३२ | | ७३.०५४ | श्रीनगर–२, गमगढी | श्रीनगर | |
| | | | | १,०५६ | १,०७६ | | | | |
| २ | श्रीनगर | ५,६ | ३१३ | २,१९९ | | | | गमगढी | |
| | | | | १,१७२ | १,०२७ | | | | |
| ३ | श्रीनगर/कार्कीवडा | ७-९ | २१७ | १,५१५ | | | | हेर्नीकाध | |
| | | | | ७६७ | ७४८ | | | | |
| ४ | कार्कीवडा | १-४ | २७४ | १,९१७ | | | | सेतीवडा | |
| | | | | ९३९ | ९७८ | | | | |
| ५ | कार्कीवडा | ५-८ | ३५० | २,२१७ | | | | ढुम | |
| | | | | १,१२९ | १,०८८ | | | | |
| ६ | पिना | ५-८ | २६८ | १,७३४ | | | | कोटिला | |
| | | | | ९१० | ८२४ | | | | |
| ७ | पिना | १,२,९ | २३३ | १,३१९ | | | | पिना | |
| | | | | ६६७ | ६५२ | | | | |
| ८ | पिना | ३,४ | १७१ | १,१०१ | | | | ढोटु | |
| | | | | ५६१ | ५४० | | | | |
| ९ | रारा | ८,९ | ६६ | ४०१ | | | | मुर्मा | |
| | | | | २०३ | १९८ | | | | |
| १० | रोवा | १-४ | ३१५ | २,२०४ | | | | कोटा | |
| | | | | १,०८९ | १,११५ | | | | |
| ११ | रोवा | ५-६ | १७६ | १,१४८ | | | | रोवा | |
| | | | | ५७४ | ५७४ | | | | |
| १२ | रोवा | ८-९ | २६९ | १,८२७ | | | | भिटाड | |

| वडा नं. | समावेश भएका साविक गा.वि.स./न.पा. | साविक वडा नं. | घरधुरी | जम्मा जनसंख्या | | | क्षेत्रफल (वर्ग कि.मि.) | सदरमुकाम | वडा केन्द्र | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पुरुष | महिला | | | | |
| | | | | | ९२० | ९०७ | | | | |
| १३ | रुगा | १-५ | ४१६ | २,७३१ | १,३५५ | १,३७६ | | | रुगा | |
| १४ | रुगा | ६-९ | २९३ | २,०८२ | १,०४८ | १,०३४ | | | बाम | |

## जनसांख्यिक झलक

कुल जनसंख्या

**२४,५२७**




लैङ्गिक अनुपात

**१०२.०८** पुरुष प्रति १०० महिला

जनघनत्व

**५१**

कूल परिवारहरु


**४,९५२**

कूल साक्षरता दर


**७०.७**%

पुरुष साक्षरता दर(८०.३ %)
महिला साक्षरता दर(६१.० %)

## ५ वर्ष उमेर समूह तथा लिङ्ग अनुसारको जनसंख्या





## वडागत रुपमा जनसंख्याको वितरण




# वैवाहिक स्थिति

## वैवाहिक स्थिति




## पहिलोपटक विवाह गर्दाको उमेर




# अपाङ्गता

अपाङ्गताका भएका जनसंख्याको प्रतिशत

**२.६**%


अपाङ्गताका भएका महिलाहरुको प्रतिशत

**२.३**%

अपाङ्गताका भएका पुरुषहरुको प्रतिशत

**२.९**%

## अपाङ्गताको प्रकारअनुसार जनसंख्या



यस नगरपालिकामा गठित समुहहरूमा महिलाहरू तथा अपाङ्गताको नेतृत्व प्रभावकारीरूप रहेको देखिन्छ। महिलाहरू घरायसी कामको साथै खेतवारी, ज्यालामजुरी गर्ने साथै रोजगारमा समेत आवद्धता रहेको देखिन्छ। सामाजिक सम्पत्तिमा जातीय हिसाबले सबैको प्रतिनिधित्व भएको देखिए त्यस्तै महिलाहरुको सहभागिता अत्याधिक रहेको देखिएको छ। हाल शिक्षा, जनचेतना र सामाजिक मूल्य मान्यताको आधारमा महिलाहरू तथा अपाङ्गता भएको व्यक्तिहरूलाई समानरूपमा हेर्दै लगेको देखिन्छ। राज्य शक्तिमा सबै जातजातीको पुरूषहरूको पहुँच साथै महिला र अपाङ्गताको पहुँच पनि रहेको छ। यस नगरपालिकाले पनि आफ्नो नीति, कार्यक्रम तथा बजेटमा यस बिषयलाई महत्वको साथ समावेश गरेको देखिन्छ। जसमा निम्न नीतिहरू उल्लेख गरेको छ।

(क) लैङ्गिक समानता, महिला सशक्तिकरण लैङ्गिक मलुप्रवाहिकरण र महिला एवं यौनिक तथा लैङ्गिक अल्पसांख्यक समदुायको सहभागिता वृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ। लघु उद्यम तथा सिप विकास सम्बन्धी कार्यक्रमहरू सञ्चालनका क्रममा पछाडि परेको वर्गलाई सहभागिता विशेष प्राथमिकता दिइनेछ।

(ख) असल सामाजिक मूल्य मान्यताको संरक्षण एवम् सम्वर्धन गरिनेछ।

(ग) बाल विवाह गर्ने तथा गराउने दुबैलाई कानुनको कठगारामा उभ्याईनछ।

(घ) यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायलाई समेटने गरि बजेटको व्यवस्था गरि उनीहरूको मूल प्रवाहीकरणका कार्यक्रम संचालन गरिनेछ।

(ङ) लक्षित वर्ग एवम् समुदाय केन्द्रित व्यवसायिक सीपमूलक तालिम सञ्चालन गरि त्यस्ता वर्गको सशक्तिकरण गर्ने निति अवलम्बन गरिनेछ।

(च) नगरपालिका भित्र नयाँ निर्माण हुन लागेका संरचनाहरू, सडक निर्माण, सरकारी भवनहरू, अस्पताल, स्वास्थ्य चौकी, स्कुलहरु सबैलाई अपाङ्गमैत्री बनाउनमा पहल गरिनेछ।

(छ) शिक्षाबाट विमुख बालबालिकालाई शिक्षाको पहुँच ल्याउने कार्यक्रम तय गरी विद्यालय उमेरका सम्पुर्ण बालबालिका शिक्षाको मुलधारामा ल्याइनेछ।

(ज) पारिवारिक संस्कार एवम् पोषणको अवस्था सुधार गर्न टोल र वडा स्तरमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

(झ) प्रत्येक वडामा रहेका महिला यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय एवं अपाङ्गता भएकालाई आयाआर्जन सम्बन्धि तालिम दिई आयआर्जनमूलक व्यवसायमा अबद्धता गरिनेछ।

(ञ) घरेलु तथा लैङ्गिक हिंसा न्यूनिकरण गर्न कानुनी एवं चेतनामूलक कार्यक्रममा जोड दिइनेछ।

(ट) समाजमा कुसंस्कारको रूपमा रहेको बाल विवाह, छाउपडी प्रथालाई न्यूनिकरण गर्न टोल वडा एवम् नगरपालिका सतरमा चेतनामूलक कार्यक्रम गर्नका साथै कानुनी कार्वाहीलाई कडाईका साथ लागु गरिनेछ।

## ३. लैसअसास क्षेत्रका विद्यमान समस्या र चुनौतिहरु

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण बहुक्षेत्रगत सवाल हो। अहिले पनि विभिन्न खालका लैसअसास संग जोडिएका समस्याहरु रहेको तथ्य सवैलाई थाहा छ। यसको समस्यालाई विभिन्न आयामबाट हेर्न सकिन्छ। विगतमा विभिन्न मन्त्रालय तथा कार्यालयहरुले लैसअसास र अपाङ्गता सम्बन्धी नीति तथा मार्गदर्शन कानुनले विभिन्न सेवा सुविधा र सहुलियत दिएको भएपनि विभिन्न कारणले अझैपनि नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयन भएको देखिदैन्। प्रदेश सरकार र स्थानीय सरकारले लैसअसास र अपाङ्गताको नीति तथा कार्यविधि बनाएर योजना, कार्यक्रम तथा बजेटको तर्जूमा गरि नसकेको विद्यमान अवस्थामा सो सम्बन्धी नीति, योजना तथा कार्यक्रमहरुमा लैङ्गिक संवेदनशीलताको अभाव खड्किएको छ। त्यस्तै अपाङ्गता परिचयपत्र सेवा सुविधा हासिल गर्ने मुख्य द्वार भएतापनि स्थानीय निकायबाट सबै अपाङ्गता भएका व्यक्तिले परिचयपत्र प्राप्त गर्न सकेका छैन्न। स्थानीय निकायसँग सबै प्रकारका अपाङ्गता पहिचान गर्ने प्राविधिक ज्ञान र अपाङ्गताको मापन गर्ने उपयुक्त विधिको अभावको कारणले कतिपय जटिल प्रकृतिको अपाङ्गता पहिचानमा चुनौतिहरू छन्।

राज्य पुनरसंरचना पश्चात संघीय सरकारबाट अधिकार र कार्य हस्तान्तरण भएपनि लैङ्गिक समान्ता, तथा सामाजिक समावेशिकरण र अपाङ्गता सम्बन्धी पर्याप्त ज्ञानको अभावमा स्थानीय सरकारमा लैङ्गिक समान्ता, तथा सामाजिक समावेशिकरण र अपाङ्गतालाई अपेक्षा गरे अनुरूप ब्यवस्थापन गर्न सकिएको छैन। ज्ञान, सिप र पर्याप्त सूचनाको अभावमा स्थानीय तहका अपाङ्गताका सवालहरूमा समन्वय गर्न तथा नीति र योजना निर्माणमा सहयोग गर्न गठित अपाङ्गता समन्वय समितिले अपाङ्गता परिचयपत्र बितरण बाहेक अन्य क्षेत्रमा कार्य गर्न सकिरहेको छैन। एकातिर भौगोलिक विकटताले अपाङ्गता भएका व्यक्तिलाई सेवा सुविधामा पहुँच प्राप्त गर्न धेरै कठिनाई भएको छ भने पालिका अन्तर्गतका सार्वजनिक भौतिक संरचना र सेवा प्रणालीहरू अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त नहुँदा उनीहरूलाई दैनिक हिँडडुल, सहभागिता लगायत सेवा सुविधा र अवसरहरू लिन धेरै कठिनाई र समस्या छ। अपाङ्गता भएका व्यक्तिले स्थानीय तहमा सबै खाले स्वास्थ्य र पुनर्स्थापना सेवाहरू पाउन सकेका छैनन। विद्यालयका भौतिक संरचनाहरू पहुँचयुक्त नभएको र शिक्षण सिकाई विधिहरू पहुँचयुक्त नभएको कारणले अपाङ्गता भएका बालबालिकाहरू शिक्षाको उज्यालो घामबाट बञ्चित छन्। भौगोलिक विकटता, यातायातको अभावको कारण सबै अपाङ्गता भएका बालबालिकाहरू विद्यालय पुग्न सकेका छैनन्। अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई पर्याप्त मात्रामा सामाजिक सुरक्षा, सहायक सामाग्री र सहयोगी सेवा उपलब्ध गराउन सकिएको छैन। अपाङ्गता भएका व्यक्तिको रोजगारी र स्वरोजगारीका कार्यक्रमहरूमा न्यून पहुँच छ। समाजमा अपाङ्गता भएका व्यक्तिहरूप्रति विभिन्न प्रकारका नकारात्मक धारणा र विश्वासहरू छन जसलाई निर्मुल पार्न जरूरी छ। अपाङ्गता भएका व्यक्तिको समुहभित्र पनि अटिजम, बौद्धिक अपाङ्गता, श्रवणदृष्टिविहीन, बहुअपाङ्गता, मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको अवस्था सबैभन्दा दयनीय छ।

अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न गैर सरकारी निकायहरूसँग समन्वय र सहकार्य प्रभावकारी हुन नसक्दा अपाङ्गता भएका व्यक्तिलाई एकिकृत रूपमा सेवा उपलब्ध गराउन सकिएको छैन। सांकेतिक भाषाको तालिम र दोभाषेको व्यवस्था न्यून हुँदा बहिरा व्यक्तिहरूले सञ्चार र शिक्षामा पहुँच प्राप्त गर्न सकेका छैनन्। नीति र योजना निर्माणमा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व अत्यावश्यक रहेको छ। अपाङ्गताको पहिचान प्रारम्भिक अवस्थामै गर्न र समयमै पुनर्स्थापना सेवा पुर्याउन विभिन्न चुनौति र कठिनाइहरू छन्। अपाङ्गताको सवाल विकासका सबै विषयगत क्षेत्रहरूसँग जोडिने भएतापनि सबै विकास कार्यक्रमहरूले यसलाई राम्रोसँग समेट्न सकेको छैन।

छायाँनाथ रारा नगरपालिकामा भने नीति तथा कार्यक्रमहरु महिला, बालबालिका तथा अपङ्गमैत्रि भएकोले महिला तथा पछाडि परेका वा पारिएका समुह, अपाङ्गता भएको व्यक्तिको आवश्यकता सम्बोधन गर्न सजिलो भएको छ।

नगरपालिकाले प्रदान गर्ने सेवा तथा सुविधाहरुमा महिला, दलित तथा पछाडि परेका समुदाय, अपाङ्गताको पहुँच र निर्णय गर्ने क्षमतामा बिकास हुन गएकोले नगरपालिकाले तर्जुमा गर्ने योजना, कार्यक्रम तथा बजेट लैङ्गिक उत्तरदायी वा लैङ्गिक संवेदनशील, अपाङ्गतामैत्री हुन सकेको छ। नगरपालिकाको लैङ्गिक मूलप्रवाहीकरणका प्रयासहरुमा महिला, दलित तथा पिछडिएका समूह, अपाङ्गताको सहभागिता रहेको देखिन सकिन्छ।

नगरपालिकाले लैसअसासको लागि राजनीतिक, प्रतिवद्धता, इच्छाशक्ति र स्रोत साधनको परिचालन तथा जनचेतना अभिवृद्धि गरि पालिकाका हरेक विकास योजना तथा कार्यक्रमहरुमा लैसअसासलाई मूलप्रवाहीकरण गर्ने सोच, ज्ञान र दक्षता भएका जनशक्तिको व्यवस्थापन, स्रोत साधनको परिचालन, अन्तरनिकाय समन्वय र सहकार्यलाई अझ प्रभावकारी बनाउने कार्य गर्नु पर्ने देखिन्छ।

नगरपालिकका अधिकांश वस्तीहरुमा केही मात्रामा महिला हिंसा, दलित वस्तीमा कुटपिट, गालीगलौज, छुवाछुत, भेदभाव जस्ता जधन्य क्रियाकलाप भईरहेको देखिन्छ।

छायाँनाथ रारा नगरपालिकामा महिला, दलित, अपाङ्गता, जनजाती, न्यून आय भएका गरिब, पछाडी पारिएको समुदाय तथा वन्चितीकरण र वहिष्करणमा परेको समुदायको आर्थिक हैसियत उकास्ने कार्य जस्ता कार्य (जस्तैः वाढी पहिरो पिडितलाई राहत सामाग्री वितरण, चिसोमा न्यानो कपड़ा वितरण, सुत्केरी महिलालाई पोषिलो खानेकुरा वितरण, आर्थिक सहयोग, किसान तथा पशुपालन गर्ने व्यक्तिहरूलाई विभिन्न सामाग्री वितरण, जरिब तथा दलित समुदायका विद्यार्थीहरूलाई छात्रवृति तथा उच्च शिक्षा गर्नेलाई आर्थिक सहयोग, दलित समुदायमा विवाह गर्ने जोडीलाई आर्थिक सहयोग) गर्दै आएकोमा यहाँका व्यक्तिहरूले सो आर्थिक सहयोग तथा सामाग्रीलाई सहि ढङ्गले प्रयोग तथा सही ठाउँमा सदुपयोग गर्न नसकेको कारण एउटा चुनौतिको रूपमा रहेको देखिन्छ।

छायाँनाथ रारा नगरपालिकाको वार्षिक नीति कार्यक्रम तथा वजेटको समीक्षा गर्दा लैंगिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्धन गर्ने र अपाङ्गता भएको व्यक्तिहरूको अधिकारलाई सम्बोधन गर्ने खालका कार्यक्रम तथा वजेट समेत पर्याप्त नभएको देखिन्छ।

नगरपालिकाको अधिकांश कार्यक्रम र वजेट भौक्तिक पुर्वाधारमा केन्द्रित भएको छ। लक्षित वर्गको लागि आयआर्जन र स्वरोजगार तथा क्षमता विकासका लागि कार्यक्रम न्यून छन्। अपाङ्गमैत्री संरचनाहरू केही ठाउँमा अझ पूर्याउन सकेको छैन, साथै अपाङ्गमैत्री स्रोतसाधनको अभाव समेत रहेको देखिन्छ।

जसका कारण नगरपालिका र यस अन्तर्गतका कार्यालयहरू समेतको समन्वय र क्रियाशिलतामा यो नीति र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका बारेमा सचेतना जगाउनु पर्ने दायित्व श्रृजना भएको छ।

नगरपालिका भित्र छरिएर रहेका वस्तिहरूमा समुदाय सम्म सेवा पुर्याउन विभिन्न योजना र संयन्त्रहरूको जरूरत पर्छ। अपाङ्गता भएका ब्यक्तिका परिवार, अभिभावक र समुदायलाई अपाङ्गता भएका ब्यक्तिको अधिकार सम्बन्धी चेतना अभिबृद्धी गर्न र मानव अधिकारका उपभोग गर्ने हक अन्य नागरिक सरह हो भन्ने कुरा बुझ्न र बुझाउन अत्यन्त जरूरी छ।

त्यसैले आगामी वर्षमा लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा यथेष्ठ कार्यक्रम र वजेट निकासा गरि प्रभावकारी कार्यान्वयन गर्नु अहिले छायाँनाथ रारा नगरपालिकाको लागि मुख्य चुनौति बनेको छ।

## ४. <u>लैसअसास रणनीतिको आवश्यकता र औचित्यः</u>

नेपालको संविधान २०७२ लागू भएपछि, संघ, प्रदेश तथा स्थानीय सरकारले लैसअसास र अपाङ्गता क्षेत्रको सुधारका लागि प्रशस्त कार्यहरु कार्यान्वयन गर्दै आएको छ। छायाँनाथ रारा नगरपालिकामा पनि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र अपाङ्गताका विषयमा संविधानमा भएका व्यवस्थाहरुको कार्यान्वयन गर्न, संघीय शासन स्वरुप, विगतमा

निर्माण भएका नीति, नियम, ऐन कानुन, कार्यविधी, लैसअसास र अपाङ्गता बारे राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता र नेपालले विगतमा भोगेका समस्या तथा चुनौतिहरुलाई मध्यनजर गर्दै तिनीहरुको समाधान गर्न स्थानीयस्तरमा नगरपालिका र गाउँपालिकाले प्रभावकारी रुपमा कार्यान्वयन गर्न यो रणनीतिको आवश्यकता महसुश गरिएको हो।

संविधानले दिएका हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशी आधारमा र अपाङ्गमैत्री पालिका संरचनाका सबै अङ्गहरुमा महिला, दलित, आदिवासी जनजाति, मजदुर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्थालाई नगरपालिका तहमा पनि प्रभावकारी कार्यान्वयन गर्न यो रणनीतिको आवश्यकता देखिएको छ।

सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरण, सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्यून गर्न पनि रणनीति चाहिएको हो ।

संघीय सरकारबाट जारी भएका लैसअसास र अपाङ्गता सम्बन्धी विभिन्न नीति, कार्यविधी, निर्देशिकालाई स्थानीय तहमा स्थापित संरचनाहरु मार्फत कार्यान्वयन गरि अनुगमन तथा मूल्यांकन प्रक्रिया र स्थानीय तहको कार्य सम्पादनमा लैसअसास संवोधन गर्ने गरी लैसअसास अवधारणा सँग नीतिगत र कार्यगत परिपूरक र सामन्जस्यता ल्याउन पनि रणनीतिको भूमिका महत्वपूर्ण हुने देखिन्छ।

महिला तथा बाल-बालिका र अपाङ्गता भएको व्यक्तिहरू माथि हुने सबै प्रकारका हिंसा, बेचबिखन, घरायसी कामकाज, गरिबी सम्बन्धी खण्डीकृत तथ्यांकको अभाव रहेको र लैङ्गिक समानता र महिला सशक्तिकरण र अपाङ्गता भएको व्यक्तिको अधिकारको लागि नियमति र चुस्त अनुगमन पद्धति बनाउन यो रणनीति प्रभावकारी हुनेछ।

महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पछाडि पारिएको वा परेको वर्ग, अल्पसंख्यक, सीमान्तीकृत किसान, श्रमिक, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय आदिलाई शिक्षा, स्वास्थ्य सेवामा पहुँच, रोजगारी सिर्जना गर्ने क्षेत्रमा लगानी वढाउनुपर्ने अहिलेको आवश्यकता हो।

नगरपालिकाबाट तर्जुमा गरी कार्यान्वयन गरिने सबै नीति, योजना तथा कार्यक्रमहरुलाई लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरणको दृष्टिकोणबाट विश्लेषण गरी विशेष गरी महिला, दलित तथा पिछडिएका वर्ग, अपाङ्गता भएको व्यक्तिको आर्थिक, सामाजिक, राजनैतिक र सांस्कृतिक अवस्थामा सुधार गर्न प्रयास गर्नुपर्ने देखिन्छ।

नगरपालिका भित्र कार्यरत सरकारी कर्मचारीहरु, विभिन्न सञ्जालहरु, उपभोक्ता समिति, नीजि क्षेत्र, सामुदायिक संघ संस्था, सहकारी तथा गैरसरकारी संस्थाद्धारा सञ्चालित कार्यक्रम र बजेटलाई लैसअसास उत्तरदायी बनाउन र स्थानीय सरकारको योजना तर्जुमा प्रकृयामा मूलप्रवाहीकरण गर्न पनि यो रणनीति फलदायी हुनेछ।

महिला उपर हुने सबै किसिमका हिंसा तथा भेदभाव उन्मूलन गर्ने महासन्धि, प्रस्ताव नं १३२५ र १८२० कार्यान्वयन, वेइजिङ्ग घोषणा, अपाङ्गता सम्बन्धी बनेका वा जारी भएका माहासन्धिहरू र २०३० सम्मको लागि तय गरिएको दिगो विकासका लक्ष्यहरुको कार्यान्वयन प्रभावकारिता अभिवृद्धि गरि नगरपालिका तथा यस अन्तर्गतका संरचना, कार्यक्रम, योजना, अपाङ्गता मैत्रीयोजना, बजेट तथा आयोजनाको प्रत्येक चरणमा लैसअसासलाई योजनाबद्ध रुपमा मूलप्रवाहीकरण तथा स्थानीयकरण यथाशीघ्र गर्दै लैजान र एकरुपता कायम गर्न पनि यस रणनीति निर्माण गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को धारा ११ को उपधारा (३) द्धारा प्रदत्त अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा १०२ तथा छायाँनाथ रारा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ को अधिनमा रही छायाँनाथ रारा नगरपालिकाको लागि आगामी पाँच वर्षे "लैङ्किक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीति, २०८२" तयार गरिएको हो। यस नीतिको सफल कार्यान्वयनबाट सम्पूर्ण

नगरपालिकाबासीहरुले विभेद र हिंसारहित, अपाङ्गमैत्री समाजमा आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने अवस्थाको सुनिश्चित गर्नेछ।

५. **नाम र प्रारम्भः** (१) यो रणनीतिको नाम छायाँनाथ रारा नगरपालिकाकाको "लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीति, २०८२" हुनेछ।

(२) यो रणनीति छायाँनाथ रार नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भए पछि नगरपालिका भित्र लागू हुनेछ।

६. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस रणनीतिमा,-

(क) "लैसअसास" भन्नाले लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण लाई सम्झनुपर्छ।

(ख) "लैङ्गिक" भन्नाले समाजवाट निर्मित पुरुष र महिलाको भूमिका एवं पहिचानको साथै उनीहरु वीचको सामाजिक सम्वन्धलाई सम्झनुपर्छ।

(ग) "सामाजिक वञ्चितीकरण" भन्नाले औपचारिक नियम, ऐन, कानुन आदि तथा परम्परा देखि चलिआएको अनौपचारिक मूल्य मान्यता बमोजिम लिङ्ग, जातजाति, धर्म आदि विभेदका कारणले सुविधाबाट वञ्चित भएको अवस्थालाई सम्झनुपर्छ।

(घ) "सामाजिक समावेशीकरण" भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा सांस्कृतिक जीवनयापन गर्नबाट वञ्चित भई गरिबी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समूहहरुलाई विकास निर्माण र कार्यसम्पादनका प्रकृयाहरुमा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपयोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनुपर्छ।

(ङ) "सामाजिक समावेशी बजेट" भन्नाले विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदाय, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरुको आवश्यकतालाई सहभागिमुलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ। सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुने गरी तर्जुमा गरिएको बजेट समेत सम्झनुपर्छ।

(च) "स्थानीयकरण" भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई स्थानीय ठाँउ विशेषको परिस्थिती वा अवस्था अनुसार ढाली त्यसको प्रभावकारी एवं अधिकत्म उपभोग गर्ने प्रक्रिया सम्झनुपर्छ।

(छ) "वञ्चित समुह" भन्नाले परम्परागत रुपमा लामो समयदेखि जातिय, आर्थिक, लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी, अपाङ्ग, जेष्ठ नागरिक, बालबालिका एवम् दुर्गम क्षेत्रमा बसोबास गर्ने जनता सम्झनुपर्छ।

(ज) "अल्पसंख्यक" भन्नाले संघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनुपर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेको समूह समेतलाई सम्झनुपर्छ।

(झ) "सीमान्तीकृत" भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनुपर्छ र सो शब्दले अतिसीमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई सम्झनुपर्छ।

(ञ) "लैङ्गिक समता" भन्नाले अवसर र न्यायबाट वञ्चित महिला वा पुरुषलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने विशेष प्रयासलाई सम्झनुपर्छ।

(ट) "लैङ्गिक समानता" भन्नाले महिला र पुरुषबीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्न गरिने विशेष प्रयासलाई सम्झनुपर्छ।

(ठ) "लैङ्गिक समानता र सामाजिक समावेशीकरण" भन्नाले महिला तथा पुरुष र विभिन्न सामाजिक समुहहरु बीचको असमान शक्ति सम्बन्धलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर एवं सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनुपर्छ।

(ड) "सार्वजनिक परीक्षण" भन्नाले वित्तिय सूचना सहितको कार्यक्रम प्रकाशित गरेर सेवाग्राही तथा सरोकारवालाहरु प्रति सेवाप्रदायकको जवाफदेहिता र पारदर्शिता कायम गर्दै सुशासन अभिवृद्धि गर्ने उद्देश्यले अपनाइने विधिलाई सम्झनुपर्छ।

(ढ) "सामाजिक परीक्षण" भन्नाले संस्थाद्धारा सञ्चालित कार्यक्रमको सामाजिक, आर्थिक तथा वातावरणीय लाभ एवं मापदण्डहरुको लेखाजोखा सहित सामाजिक रुपमा प्रदर्शन गर्ने प्रकृयालाई सम्झनुपर्छ।

(ण) "लक्षित वर्ग वा समूह" भन्नाले आर्थिक रुपमा विपन्न वर्गका महिला एवं बालबालिका तथा आर्थिक र सामाजिक रुपमा पिछडिएका वर्गहरु (सबै जातजातिका विपन्न वर्गहरु, जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक, आदिबासी जनजाति, दलित, पिछडिएको वर्ग, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक तथा सीमान्तकृत समुह आदिको) एवं नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदाय सम्झनुपर्छ।

(त) "एल.जी.बी.टी.आई" भनेको समलिंगी महिला, पुरुष,उभयलिंगी, तेस्रो लिंगी, पहिचान भन्दा भिन्न लैंगिक रुची र व्यवहार हुनेहरु र अपूर्ण वा द्धैत लिंगीलाई सम्झनुपर्छ।

(थ) "अपाङ्गता भएका असहाय व्यक्ति" भन्नाले आफ्नो सम्पत्ति नभएका, स्याहार सुसार गर्ने परिवारका सदस्य वा संरक्षक नभएका वा आफै रोजगार गरी जीवनयापन गर्न नसक्ने अपाङ्गता भएका व्यक्ति सम्झनुपर्छ।

(द) "अपाङ्गता भएका व्यक्ति" भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल इम्पेरिमेन्ट) वा विद्यमान अवरोधको कारण अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनुपर्छ।

७. **<u>दीर्घकालिन सोचः</u>**

(क) छायाँनाथ रारा नगरपालिकामा लैङ्गिक, जातीय तथा क्षेत्रीय भेदभावमुक्त लैङ्गिकमैत्री, समावेशी, समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने।

(ख) समाजमा विद्यमान रहेका लैंगिक तथा सामाजिक मूल्य, मान्यता, संस्कार र व्यवहारमा सकरात्मक रूपान्तरण ल्याउने

(ग) नगरपालिकामा लैसअसास उत्तरदायी वातावरण सृजना गरी महिला तथा वन्चितीकरणमा परेका समूहहरुलाई समग्र विकास प्रक्रियाको मुलप्रवाहीकरणमा योगदान वढाउने।

(घ) छायाँनाथ रारा नगरपालिकामा बसोवास गर्ने अपाङ्गता भएका व्यक्तिको अधिकार सम्पन्न, मर्यादित तथा सम्मानीत जीवन सुनिश्चित गर्नु।

८. **सोचको परिदृश्यः** लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशिकरणले सबै मानव अधिकारको समान उपयोग गर्न पाउनेछन। उनीहरुप्रतिको असमान व्यवहार र भेदभाव न्यूकरण भई समावेशी समाजमा समान हैसियतको नागरिक भई सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनैतिक क्षेत्रमा सकृय सहभागिता बढनेछ।

९. **लक्ष्यः** (१) यो रणनीतिको मुख्य लक्ष्य आगामी पाँच वर्षमा छायाँनाथ रारा नगरपालिकामा रहेको लैंगिक तथा सामाजिक विभेदहरु तथा कुरितीहरु हटाई महिला, अपाङ्गता भएका व्यक्तिहरू, वालवालिका तथा वन्चितीकरणमा परेका सवै समुदायहरुलाई सरकारी सेवा सुविधामा समान पहुँच उपलब्ध गराउने रहेको छ।

(२) छायाँनाथ रारा नगरपालिकाको सवै नीति, कानुन, योजना र बजेटलाई लैसअसासमैत्री वनाई महिला तथा वन्चितीकरण र वहिष्करणमा परेका समूहहरु, अपाङ्गता भएका व्यक्तिहरूलाई विकासको मुल प्रवाहमा ल्याई समतामुलक समाजको स्थापना गर्ने मुल लक्ष्य रहेको छ।

(३) छायाँनाथ रारा नगरपालिकामा बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिको सेवा, सुविधा र अवसरमा व्यापक पहुँच पुर्याउने र सबै अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षाको दायरामा ल्याउने।

(४) निर्णय प्रकृयामा अपाङ्गता भएका व्यक्तिको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्व र सामाजिक तथा आर्थिक शसक्तिकरण।

(५) अपाङ्गता समावेशी संरचना, प्रणाली र सेवा सुविधा हासिल गर्ने।

१०. **उद्देश्यहरूः** (१) यस रणनीतिको मुख्य उद्देश्य लैसअसास अवधारणा सरलीकृत रुपमा स्थानीयकरण गरि नगरपालिकाले गर्ने सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैसअसास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चिता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ। यसका विशिष्ट उद्देश्यहरु निम्न छन्।

(क) महिला, बालवालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा सिमान्तकृत व्यक्तिहरुको समग्र अधिकारको संरक्षण तथा प्रवद्र्धन गर्नु।

(ख) महिला, बालवालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा सिमान्तकृतमैत्री वातावरण सिर्जना गर्नु।

(ग) नगरपालिकाका सबै कानून नीति योजना अपाङ्गमैत्री वा अपाङ्गता समावेशी बनाउनु।

(घ) अपाङ्गता भएका व्यक्तिहरूको आधारभूत सेवा सुविधा र अपाङ्गता भएकै कारणले पाउने सेवा सुविधा र अवसरमा समान पहुँच सुनिश्चित गराउनु।

(ङ) अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक सहभागिता, सार्वजनिक सहभागिता र निर्णय प्रकृयामा सहभागितामा अभिवृद्धि गर्नु।

(च) अपाङ्गता भएका व्यक्तिका लागि सहभागिता, शिक्षा, सञ्चार लगायतका क्षेत्रमा सामना गर्नुपर्ने अवरोधहरूलाइ न्यूनिकरण गर्नु।

(छ) अपाङ्गता भएका व्यक्तिहरुको शिक्षा, स्वास्थ्य, रोजगारी, पुनर्स्थापना र सामाजिक सुरक्षाका कार्यक्रमा पर्याप्त पहुँच सुनिश्चित गर्नु।

(ज) अपाङ्तगा भएका वालवालिकाको शिक्षा, स्वास्थ्य र पोषणमा पहुँच पुर्याइ उचित सामाजिक संरक्षण प्रदान गर्नु।

(झ) अपाङ्गता भएका महिलाको यौन तथा प्रजनन् स्वास्थ्यको प्रवर्धन गर्ने र उनीहरूमाथि हुने यौनजन्य तथा अन्य प्रकारका हिंसाको न्यूनिकरण गर्नु र न्यायमा पहुँच वृद्धि गर्नु।

११. **<u>लैङ्गिक समानता, अपांगता र सामाजिक समावेशीकरण रणनीततक योजना निर्माणका विधि तथा प्रक्रिया:</u>** (१) छायाँनाथ रारा नगरपालिकाको लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण रणनीति योजना नगरपालिकाको मार्गनिर्देशनमा विविध क्षेत्रमा संलग्न सरोकारवाला बिच गरिएको परामर्शबाट तयार पारिएको हो। कार्यपालिकाका पदाधिकारीहरू र कर्मचारीबाट लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण रणनीतिक योजना निर्माणमा अग्र भूमिका निर्वाह गरेको छ। नगरपालिकाको लैसअसास मूलप्रभाविकरण रणनीति तर्जुमाका लागि देहायका विधिहरू अवलम्बन गरिएको छ।

(क) **दस्तावेज अध्ययनः** कार्यपालिकाबाट तोकिएका सदस्य तथा कर्मचारी र विज्ञ टिलीले नेपालको संविधान, १६ औं पञ्चवर्षिय योजना, स्थानीय सरकार सञ्चालन ऐनमा भएको लैसअसास सम्बन्धी प्रावधानहरू, दिगो विकासका लक्ष्यहरू, राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्दताहरू, लैङ्गिक समानता नीति, २०७७, स्थानीय सरकारको समावेशीकरण नीति, २०७८, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन, २०७४ तथा यस संग सम्बन्धित दस्तावेजहरू, कर्णाली प्रदेशको प्रथम आवधिक योजना तथा नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम, वार्षिक प्रगति प्रतिवेदन आदि अध्ययन गरियो।

(ख) **मुख्य सरोकारबाट जानकारीः** नगरपालिका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, महिला तथा बालबालिका शाखा, सामाजिक विकास शाखा र न्यायिक समितिका साथै लैसअसासको क्षेत्रका कार्यरत विभिन्न संघसंश्ता प्रमुखहरू संग अन्तबार्ता र छलफल गरी जानकारी संकलन गरियो।

(ग) **परामर्श कार्यशालाः** नगरपालिका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, महिला तथा बालबालिका शाखा, सामाजिक विकास शाखा, न्यायिक समितिका तथा विषयगत शाखा प्रमुख तथा प्रतिनिधिहरू, लक्षित समुहका प्रतिनिधिहरूको उपस्थितिमा एक दिने लैसअसासको बारेमा छलफल तथा लैसअसासको पालिका र वडा स्तरीय कार्यान्वयन समिति गठन गरियो र पालिकाका सबै दसतावेज अध्ययन गरियो। एक दिने कार्यशाला गोष्ठीको आयोजना गरियो। उक्त कार्यशालामा समुहगत छलफलबाट नगरपालिकाको अवस्था विश्लेषण, सवाल पहिचान तथा लक्षित समुहहरूको नक्साङ्कन गरी प्राथमिकीकरण गरियो।

(घ) **लक्षित वर्ग केन्द्रित छलफलः** कार्यशाला गोष्ठीको छलफल र समूहगत कार्यबाट प्राथमिकतामा परेका तीन वटा लक्षित समुहहरू सँग (अपाङ्गता भएका व्यक्ति, जनजाती र दलित महिला) छलफल गरियो। समुह केन्द्रित छलफलबाट समुदायमा रहेका लक्षित वर्गको अवस्था र आवश्यकताको बारेमा जानकारी संकलन गरियो।

(ङ) **मस्यौदा प्रस्तुतिकरण बैठकः** माथि उल्लेख भए अनुसार विधिद्वारा प्राप्त सूचनाको विश्लेषणको आधारमा तयार पारिएको मस्यौदा रणनीति योजना बारे नगरपालिका, जनप्रतिनिधि तथा कर्मचारीहरूको बैठकमा प्रस्तुत गरी छलफलबाट प्राप्त सुझावलाई समावेश गरी अन्तिम रूप दिइएको छ।

१२. **<u>सरोकारवालाहरूको विश्लेषण:</u>** लैसअसासको रणनीतिको प्रभावकारी कार्यान्वयन तथा यस क्षेत्रमा काम गर्नको लागि विभिन् सरकारी तथा गैर सरकारी दातृ साझेदारीहरू, सामुदायिक संस्थाहरू र नागरिक संस्थाहरू नै मुख्य सरोकारवाला हुन। नगरपालिकाकका क्षेत्रमा लैसअसास रणनीति तर्जुमा तथा कार्यान्वयन गर्न निम्न बमोजिम सरोकारवालाहरू रहेका छन।

| क्र.स. | लैसअसास क्षेतरमा काम गर्ने मुख्य सरोकारवाला | लैसअसास मुलप्रभाविकरणको लागि सरोकारवालाको भुमिका |
|---|---|---|
| १ | छायाँनाथ रारा नगरपालिका | • लैसअसास सम्बन्धी नीति, रणनीति, कार्यविधि, कार्ययोजना निर्माण गर्ने<br>• लैसअसासको लागि आवश्यक बजेट विनियोजन गर्ने<br>• योजना, कार्यक्रम तथा बजेटको अनुगमन तथा मुल्याङ्कन गर्ने |
| २ | लैसअसास कार्यन्वयन समिति | • नगरपालिकामा निर्माण हुने सबै प्रकारका ऐन, कानून, कार्यविधि, योजना र अन्य प्रकाशित दस्तावेजमा लैसअसासको विषयबस्तुको समावेश गरी मुलप्रवाहीकरण गर्न<br>• योजना र बजेट तर्जुमा गर्दा लैसअसास समस्या समाधान हुने गरी उत्तरदायी बनाउन प्राविधिक सहयोग गर्ने<br>• लैसअसास समबन्धी क्षमता अभिवृद्धि योजना तयार गरी लागु गराउने<br>• लैसअसास रणनीतिलाई प्रभावकारि रूपमा कार्यान्वयन गर्न नेतृत्वदायी भुमिका निर्वाह गर्ने र अन्य निकाय तथा सरोकारवाला संग प्रभावकारी समन्वय र सहकार्य गर्न |
| ३ | न्यायिक समिति | • नगरपालिकाका तहमा आएका आफ्ना अधिकार क्षेतर भित्रमा सवालहरूमा निर्णय गर्ने र अन्य मुद्दाहरूमा सम्बन्धित निकयमा सिफारिस गर्ने<br>• सबै वडाहरूमा मेलमिलाप केन्द्र संचालन गर्ने |
| ४ | महिला, बालबालिका शाखा | • लैसअसास सम्बन्धी बनेका नीति, रणनीति, निर्देशिका र कार्यविधिहरूको कार्यान्वयन गराउने<br>• महिला बालबालिका तथा लक्षित वर्गको क्षमता विकास कार्यक्रमहरू संचालन गर्ने।<br>• अपाङ्गता भएका वयक्तिहरूको क्षेत्रमा गरिएको बजेट विनियोजनको समय मै कार्यान्वयन गर्ने |

| | | |
|---|---|---|
| | | • लैसअसासको शीर्षकमा विनियोजन भएको बजेटको समयमा नै खर्च गर्ने<br>• लैसअसासको लागि भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रावधानहरू र प्रतीबद्दताहरुबारे कर्मचारी तथा पदाधिकारीहरूलाई सचेतिकरण गरी कार्यान्वयनमा ल्याउन नेतृत्वदायी भुमिका खेल्ने,<br>• यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय सम्बन्धि सचेतना फैलाउन विद्यालय तह र समुदाय स्तरमा कार्यक्रम संचालन गर्ने |
| ५ | वडा समिति | • वडातहको लैसअसास सम्बन्धी खण्डिकृत तथ्याङ्क संकलन र व्यवस्थापन गर्ने<br>• टोल स्तरमा लैसअसास सम्बन्धी सचेतना कार्यक्रम गर्ने,<br>• योजना छनोट प्रकृयामा महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपाङ्गता भएका व्यक्ति एवं अन्य सबै लक्षित वर्ग सँग छुट्टाछुट्टै छलफल गरी उनीहरूको व्यवहारिक र रणनीतिक आवश्यकताको आधारमा योजनाको प्राथमिकिकरण गर्न |
| ६ | इलाका प्रहरी कार्यालय | • घरेलु हिंसा, यौनजन्य वा अन्य लैङ्गिक हिंसाको उजुरीको सुनुवाई गरी पीडितलाई संरक्षण र दोषि उपर कारवाही गर्ने, |
| ७ | नागरीक समाज (यूवा कल्ब, बाल कल्ब, महिला समूह, आमा समूह, गैर सरकारी संघसंस्थाहरु) | • महिला, बालबालिका, युवा, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपाङ्गता भएका व्यक्तिहरू लगायत अन्य सबै लक्षित वर्ग र बञ्चितिकरणमा परेका समूहका लागि सामाजिक परिचालनका क्रियाकलापहरूमा सहयोग गर्ने<br>• सामाजिक विभेद तथा कुरिती विरूद्ध आवाज उठाउने र जनचेतनामुलक कार्यक्रम गर्ने,<br>• समावेशी सवालमा आवाज उठाउने र कार्यगत सिकाईको अभिलेखिकरण गर्ने |
| ८ | सहकारी संघसंस्थाहरू | • महिला बालबालिका, यूवा, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपाङ्गता भएका व्यक्तिहरू लगायत अन्य सबै लक्षित वर्ग तथा बञ्चितिकरणमा परेका समूहहरूका लागि आर्थिक प्राविधिक र व्यवसायीक सहयोग पुर्याउने<br>• उद्दमशिलता विकासको लागि लगानी गरी उत्पादित वस्तुको बजारीकरणको व्यवस्था गर्ने<br>• महिला तथा विपन्न समूहो उद्दमशिलता विकासका लागि लगानी तथा क्षमता विकास गर्ने |

| | | |
|---|---|---|
| ९ | समुदाय | • कार्यक्रम कार्यान्वयनका लागि साझेदारी रूपमा काम गर्ने<br>• समाजमा विद्यमान विछेदकारी प्रचलनका विरूद्ध अवाज उठाउने र छलफल गराउन सहयोग गर्ने<br>• सेवा प्रादायक निकाय, संघसंस्थाको व्यहार, कार्यशैली एव. क्रियाकलापहरूको निगरानी गर्ने |
| १० | जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालय | • हिंसा पीडितको उजुरी लिने,<br>• पीडितको संरक्षण गर्ने<br>• घटनाको अनुसन्धान गरी प्रमाणको आधारमा पीडक विरूद्ध अदालतमा मुद्दा दर्ता गर्ने |
| ११ | जिल्ला अदालत | • सिंसा पीडितलाई न्याय दिने<br>• महिला, बालबालिका, यूवा, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, अपाङ्गता भएका व्यक्तिहरू लगायत अन्य सबै लक्षित वर्ग र बञ्चितिकरणमा परेका समूहहरू साथै नागरिक अधिकारको रक्षा गर्ने |

१३. **<u>नगरपालिका र वडागत रूपमा लैसअसासमा प्रमुख समस्या तथा सवालहरू:</u>** (१) छायाँनाथ रारा नगरपालिका र यस भित्र रहेका वडाहरूमा लैशअसास प्रमुख समस्या तथा सवालहरू देहाय अनुसार रहेको छ।

(क) अपाङ्ता सम्बन्धी नीति भए पनि लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धी नीति, कार्यविधि तथा रणनीति नहुनु,

(ख) नगरपालिकाको नीति, कार्यविधि, योजना छनोट तथा बजेट तर्जुमा प्रकृयामा महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका प्रतिनिधि, अपाङ्गता भएका व्यक्ति लगायत अन्य सबै लक्षित वर्गको अपेक्षाकृत पहुँच नहुनु,

(ग) नगरपालिकाको योजना तर्जुमा प्रकृयामा महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका प्रतिनिधि, अपाङ्गता भएका व्यक्ति लगायत अन्य सबै लक्षित वर्गको व्यवहारिक तथा रणनीतिक आवश्यकताको पहिचान अपेक्षाकृत रूपमा नहुनु,

(घ) दलित महिला, अपाङ्गता भएका महिला, सिमान्तकृत र पिछडिएको समुदायको आर्थिक अभाव, लैङ्गिक हिंसा, घरेलु हिंसा, सामाजिक कुरीति र कुप्रथाको अन्तय नहुनु,

(ङ) लैङ्गिक तथा अपाङ्गतामैत्री, उत्तरदायी बजेट विनियोजन भएपनि, नियमित रुपमा लैसअसास परिक्षण नहुनु,

(च) नगरपालिकाको लैसअसास सम्बन्धी विस्तृत खण्डकृत तथ्याङ्कको संकलन र अद्यावधिकको अभाव हुनु,

१४. **<u>रणनीतिक योजनाको मुख्य मान्यता तथा सिद्वान्तहरू:</u>** (१) देहायका सिद्वान्तका आधारमा लैसअसास रणनीतिक योजना तर्जुमा गरिएको छ।

(क) **विभेदरहित (Non discrimination):** यो रणनीति कार्यान्वयनका सिलशिलामा महिला, पुरुष, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिक, पिछडिएका क्षेत्र तथा समुदाय, जातजाती, आर्थिक, सामाजिक अवस्था वा अन्य कुनै पनि आधारमा भेदभाव गरिने छैन।

(ख) **सारभूत समानता (Substantive equality):** यो रणनीतिले लैङ्गिक समानताको सवालमा सारभूत समानता जस्तै भूमिका, उत्तरदायित्व, अधिकार र परिणाममा समानताको सिद्धान्तलाई आत्मसात गरेको छ।

(ग) **कोही पछाडि नछुटुन् (Leave no no one behind):** यस रणनीतिले दिगो विकास लक्ष्य अनुसार कोही पनि पछाडि नछुटुन् भन्ने अवधारणलाई अवलम्बन गरेको छ।

(घ) **प्रभावकारी सहभागिता (Meaningful Participation):** यो रणनीतिले नगरपालिकाको हरेक विकास कार्यकममा सबै लिङ्ग, वर्ग, जातजाती, अपाङ्गता, क्षेत्र तथा समुदायको समावेशी समानुपातिक आधारमा अर्थपूर्ण सहभागिता सुनिश्चित गरेको छ।

(ङ) **उत्तरदायित्व तथा जवाफदेहिता (Responsibility and Accountability):** यो रणनीतिक योजना कार्यान्वयनको कममा आउन सक्ने हरेक अवस्थामा नगरपालिकाका प्रतिनिधि तथा कर्मचारीहरू सम्बन्धित क्षेत्रका जनतासँग जवाफदेही हुनुपर्ने कुरालाई अङ्गीकार गरेको छ।

(च) **साझेदारीता र सहकार्य (Partnership and Cooperation):** पो रणनीतिको सफल र प्रभावकारी कार्यान्वयनका लागि जैसजसास क्षेत्रमा कार्यरत सरोकारवालाहरुसँग समन्वय, साझेदारीता र सहकार्यलाई प्राथमिकतामा राखिएको छ

(छ) **शुन्य सहनशिलता (Zero Tolerance):** यो रणनीतिले नगरपालिका भित्र हुने लैङ्गिक, अपाङ्गता तथा सबै प्रकारका विभेद र हिंसाका घटनाहरूमा शून्य सहभागिताको नीति अङ्गीकार गरेको छ।

(ज) **कसैलाई पनि हानी नपुर्याउने (Do No Harm):** यो रणनीतिले कसैलाई पनि हानी वा क्षति नपुर्याउने सिद्धान्त अवलम्बन गरेको छ।

१५. **<u>रणनीति र कार्यनीतिः</u>**

| रणनीति | नीति तथा कार्यनिति |
|---|---|
| **उद्देश्य १ महिला, बालवालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा सिमान्तकृत व्यक्तिहरुको समग्र अधिकारको संरक्षण तथा प्रवद्र्धन गर्नु।** | |
| १. लैङ्गिक उत्तरदायी बजेट र शासन व्यवस्थालाई संस्थागत गर्ने | १. लैंगिक समानता सम्वन्धी नीति तर्जुमा, विद्यमान कानुन तथा कार्यक्रममा पुनरावलोकन गरिनेछ।<br>२. महिला विरुद्ध हुने सवै प्रकारका हिँसा,शोषण र विभेद नियन्त्रण सम्वन्धी कानुनी उपचार प्रणालीलाई सहज, छिटो र पहुँयोग्य बनाईनेछ।<br>३. आर्थिक रुपले विपन्न र सामाजिक रुपले पछाडी परेका महिलाहरुको आर्थिक सशक्तीकरण र सामाजिक रुपान्तरणलाई प्राथमिकता दिईनेछ।<br>४. नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्यांकनमा |

| रणनीति | नीति तथा कार्यनिति |
|---|---|
| | महिलाको सहभागिता वृद्धि गरि नेतृत्व तहमा ल्याईनेछ। |
| २. विपन्न, अपाङ्गता भएका, असाय, अनाथ, विषेश संरक्षण को आवश्यकता भएका वालवालिका तथा किशोर किशोरीको उचित संरक्षणको वातावरण निर्माण गर्ने। | ५. वलवालिका तथा किशोरकिशोरीहरु विरुद्ध हुने हिँसा, वाल यौनदुव्यवहार, वालश्रम, वालविवाह, वलत्कार, वेचविखन जस्ता अपराध विरूद्ध कानून सुधार गरी शुन्य सहनशिलताको नीति अबलम्बन गरिनेछ।<br>६. ईन्टरनेटको दुरुपयोगवाट वालवालिका माथि पर्ने सबै खालका नकरात्मक असरहरु न्यूनीकरण गर्ने उपायहरुको खोजी गरी कार्यान्वयनमा ल्याईनेछ। |
| ३. जेष्ठ नागरिकको लागि हेरचाह, स्याहार सुसार र उपयुक्त वातावरण सिर्जना गर्ने। | ७. जेष्ठ नागरिकको आर्थिक तथा सामाजिक हक अधिकार संरक्षणको लागि जेष्ठ नागरिक संरक्षण नीति तर्जुमा गरिनेछ।<br>८. स्याहार सुसार गर्ने मानिस नभएका जेष्ठ नागरिकहरुको लागि स्याहार केन्द्र स्थापना गरिनेछ ।<br>९. जेष्ठ नागरिकहरुको घैरदैलोमा उपचारको व्यवस्था मिलाईनेछ। |
| ४. सवै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार संरक्षण गर्न आवश्यक नीति निर्माण गरि प्रभावकारी कार्यान्वयन गर्ने। | १०. अपाङ्गता भएका व्यक्तिहरु प्रति गरिने विभिन्न प्रकारको अन्ध विश्वास, विभेद र सवै प्रकारका हिँसा नियन्त्रण र निराकरण गर्न कार्यक्रम संचालन गरिनेछ।<br>११. अपाङ्गता भएका व्यक्तिहरुको लागि स्याहार केन्द्र स्थापना गरिनेछ।<br>१२. अपाङ्गता भएका व्यक्तिहरुको लागि अध्ययनको व्यवस्था मिलाईनेछ।<br>१३. अपाङ्गता भएका व्यक्तिहरुको आर्यआर्जन तथा स्वरोजगारको लागि उद्यमशिला कार्यक्रम तथा तालिम दिईनेछ। |
| **उद्देश्य २ महिला, बालवालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा सिमान्तकृतमैत्री वातावरण सिर्जना गर्नु।** | |
| ५. लैगिक समानता र सामाजिक समावेशीकरण सम्वन्धी स्थानीय नीति, कानुन तथा मापदण्डको निर्माण तथा कार्यान्वयन गर्ने। | १४. लैंगिक समानता तथा सशक्तीकरण मापन सूचकहरु तयार गरी अनुगमन तथा मुल्यांकन प्रणालीलाई प्रभावकारी वनाईनेछ।<br>१५. महिलालाई व्यवसाय संचालन तथा आयमुलक कार्य गरी स्वरोजगार तथा उद्यमहिशलता विकास गर्न सहुलियतपूर्ण ऋण तथा वित्तिय पहुँचको व्यवस्था मिलाईनेछ। |
| ६. बालमैत्री तथा किशोर किशोरीमैत्री वातावरणको विकास गर्ने | १६. बालमैत्री स्थानीय शासन लागू गरिनेछ। |
| ७. जेष्ठ नागरिकको सुरक्षा र सहजताको लागि सामाजिक सुरक्षा सेवा वृद्धि गर्ने। | १७. जेष्ठ नागरिकलाई सम्मान, आदर र सहजताका लागि विभिन्न सेवा र सुविधामा विशेष छुट र सहुलियतको व्यवस्था गरिनेछ।<br>१८. जेष्ठ नागरिकको ज्ञान, सिप र अनुभवलाई उपयोग गर्ने अवसर प्रदान गर्नुका |

| रणनीति | नीति तथा कार्यनिति |
|---|---|
| | साथै अन्तरपुस्ता अनुभव हस्तान्तरण कार्यक्रम संचालन गरिनेछ।<br>१९. सामाजिक सुरक्षा भत्ता घरदैलोमा पुर्‍याउने व्यवस्था मिलाईने छ। |
| ८. लक्षित वर्गको पहुँच वढ्ने गरि सार्वजनिक निर्माण तथा सुधार गर्ने। | २०. भौत्तिक संरचना, पुर्वाधार तथा यातायाताका साधनहरु र सेवा सुविधा अपाङ्गमैत्री बनाईनेछ।<br>२१. शिक्षण सिकाई पद्धति अपाङ्गमैत्री वनाई गुणस्तरीय शिक्षामा सवै अपाङ्गता भएका वालवालिकाहरुको पहुँच वृद्धि गरिनेछ। |
| **उद्देश्य ३ नगरपालिकाका सबै कानून नीति योजना अपाङ्गमैत्री वा अपाङ्गता समावेशी बनाउनु।** | |
| ९. अपाङ्गता सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी, अपाङ्गता सम्बन्धी संघीय तथा प्रादेशिक कानुन र नीति अनुकुल हुने गरि छायाँनाथ रारा नगरपालिकाका नीतिहरूमा संशोधन गर्ने र अपाङ्गताका सवालहरू समावेश गराउने। | २२. नगरपालिकाले निर्माण गरि लागु गरेका नीति तथा कार्यक्रमहरू अपाङ्गताको परिप्रेक्षबाट पुनरावलोकन गरिनेछ र अपाङ्गताका सवालहरू समावेश गरिनेछ।<br>२३. संघीय कानुनहरूले गरेका व्यवस्थाहरूलाई स्थानीय कानुन र नीतिहरूमा समावेश गरिनेछ।<br>२४. स्थानीय सरकारले निर्माण गर्ने अपाङ्गता सम्बन्धी कानुन, नीति र कार्यक्रमहरू अपाङ्गता भएका व्यक्तिका संस्थाका प्रतिनिधि र सेवा प्रदायकहरूसँग परामर्श गरि निर्माण गरिनेछ। |
| **उद्देश्य ४ अपाङ्गता भएका व्यक्तिहरूको आधारभूत सेवा सुविधा र अपाङ्गता भएकै कारणले पाउने सेवा सुविधा र अवसरमा समान पहुँच सुनिश्चित गराउनु।** | |
| १०. छायाँनाथ रारा नगरपालिकामा रहेका अपाङ्गता भएका व्यक्तिको खण्डिकृत तथ्याङ्क संकलन गर्ने र परिचयपत्र वितरणलाई प्रभावकारी बनाउन समन्वय समिति र अन्य सम्बन्धित कर्मचारीको क्षमता विकास गर्ने। | २५. तथ्याङ्क संकलन गर्नको लागि उपयुक्त विधि र पद्धति उपयोग गरिनेछ।<br>२६. स्थानीय तहमा वासिङ्टन समुह प्रश्नावलीको प्रयोग गरि अपाङ्गता सम्बन्धी तथ्याङ्क लिन सक्ने र यसको विश्लेषण गर्न सक्ने जनशक्ति तयार गरिनेछ।<br>२७. अपाङ्गता भएका व्यक्तिको खण्डिकृत तथ्याङ्क राखिनेछ।<br>२८. परिचयपत्र वितरणको लागि समन्वय समितिको क्षमता विकास गरिनेछ र नगरपालिकाको कार्यालयमा उपस्थित भएर परिचयपत्र लिन नसक्ने अवस्थाका अपाङ्गता भएका व्यक्तिलाइ घुम्ति शिवीर मार्फत घरमै परिचयपत्र पुर्‍याउने व्यवस्था मिलाइनेछ। |
| १०. छायाँनाथ रारा नगरपालिकाको आम नागरिकलाई सेवा प्रवाह गर्ने प्रकृया र प्रणालीलाई अपाङ्गता मैत्री बनाउने, | २९. नगरपालिकाका कर्मचारीहरूलाइ अपाङ्गता समावेशी सेवा प्रवाह सम्बन्धी तालिम दिइनेछ<br>३०. नगरपालिकाले प्रवाह गर्ने सेवामा अपाङ्गता भएका व्यक्तिलाइ प्राथमिकता दिइनेछर अपाङ्गता सम्बन्धी एक सहायता कक्ष स्थापना गरिनेछ। |

| रणनीति | नीति तथा कार्यनिति |
|---|---|
| कर्मचारीहरूको क्षमता विकास गर्ने, अपाङ्गता भएका व्यक्तिलाइ सेवामा प्राथमिकता दिने र शारीरिक, मानसिक वा इन्द्रीय सम्बन्धी अवस्थाको कारणले चाहिने सेवाहरू जस्तै थेरापी, परामर्श, प्रेशण सेवा, शिघ्र पहिचान, सहायक सामाग्री, सहयोगी सेवा, सांकेतिक भाषा, अभ्यस्थता (Habilitation) सम्बन्धी तालिम लगायत, उपलब्ध गराउने वातावरण बनाउने। | ३१. थेरापी, परामर्श, प्रेषण सेवा, सिघ्र पहिचान, पुनर्स्थापना जस्ता सेवाहरू स्थानीय तहमा उपलब्ध गराइनेछ। |
| **उद्देश्य ५ अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक सहभागिता, सार्वजनिक सहभागिता र निर्णय प्रकृयामा सहभागितामा अभिवृद्धि गर्नु।** | |
| ११. छायाँनाथ रारा नगरपालिका अन्तर्गतका सबै भौतिक संरचनाहरू जस्तै विद्यालय, सडक, मठमन्दिर, सार्वजनिक भवन, सार्वजनिक शौचालय, मनोरञ्जन स्थल, सरकारी कार्यालयहरू लगायतलाई अनिवार्य रूपमा अपाङ्गता मैत्री बनाउन नेपाल सरकारले तोकेको पहुँचयुक्तता सम्बन्धी मापदण्ड कार्यान्वयन गराउने र प्रभावकारी अनुगमन गर्ने। | ३२. पहुँचयुक्त बातावरण निर्माणको लागि आवश्यक डिजाइन गर्ने पहुँचयुक्तता परीक्षण (Accessibility Audit) गर्ने जनशक्ति र उपकरणहरू निर्माण गर्ने<br>३३. भौतिक संरचना, सेवा सुविधा र प्रणालीहरूको पहुँचयुक्तताको परीक्षण गरिनेछ र तत्काल सुधार गर्न सकिने, मध्यावधिमा सुधार गर्न सकिने र दीर्घकालमा सुधार गर्न सकिने कुराहरूको योजना बनाइ कार्यान्वयन गरिनेछ।<br>३४. नयाँ बन्ने भौतिक संरचना र सूचना तथा सञ्चारका विधिहरूमा पहुँचयुक्तताका मापदण्डहरू अनिवार्य रूपमा लागु हुने व्यवस्था गरिनेछ।<br>३५. सार्वजनिक यातायातलाइ अपाङ्गता भएका व्यक्तिको लागि यात्रामा सहज बनाइनेछ र आरक्षित सिटको व्यवस्था गरिनेछ।<br>३६. सार्वजनिक यातायात नगरपालिकाको नगर बसमा अपांगता भएका ब्यक्तिहरुका लागि ५० प्रतिशत भाडा छुट दिने अपांगता मैत्री बनाई यात्रामा सहज बनाईने छ र आरक्षित सिटको ब्यबस्था गरिने छ।<br>३७. सबै खालका अपांगता भएका ब्यक्तिहरु कुनै कारणले बिरामी भई स्वास्थ्य सँस्थाहरुमा पुगी उपचार गर्नु परेमा नगरको एम्बुलेन्समा निशुल्क पुर्‍याईदिने ब्यबस्था गरिने छ। |
| १२. छायाँनाथ रारा नगरपालिकामा रहेका अपाङ्गता भएका बालबालिका ,व्यक्तिहरूलाई | ३८. अपाङ्गताको सिघ्र पहिचानको लागि समन्वय समिति र स्थानीय स्वास्थ्य संस्थाको क्षमता विकासको लागि तालिमहरू दिइनेछ।<br>३९. विशिष्ट स्वास्थ्य सेवाको लागि पालिका तहमा प्रेशण सेवा उपलब्ध गराइनेछ। |

| रणनीति | नीति तथा कार्यनिति |
|---|---|
| समान आधारमा आधारभूत स्वास्थ्य सेवा र आवश्यकता अनुसारको परामर्श, सिघ्र पहिचान ,विशेष सेवा र विशिष्टिकृत स्वास्थ्य तथा पुनःस्थापना सेवामा पहुँच पुर्‍याई मर्यादित,स्वस्थ र क्रियाशील नागरिकको रूपमा जीवन यापन गर्न सक्षम तुल्याउने। | ४०. स्थानीय सरकारको सहयोग र गैरसरकारी निकायहरूको सहकार्यमा समुदाय स्तरमा नै थेरापी, परामर्श जस्ता पुनर्स्थापना सेवाहरू उपलब्ध गराउने। |
| १३. नगरपालिकाको नीति निर्माण, योजना निर्माण र बजेट निर्माणका प्रकृयाहरूमा अपाङ्गता भएका व्यक्ति वा तिनका संस्थाको प्रतिनिधित्व सुनिश्चित गर्न अपाङ्गता भएका व्यक्तिका प्रतिनिधि संस्थासँग समन्वय र सहकार्य गर्ने। | ४१. नीति निर्माण, योजना निर्माण र बजेट निर्माणमा अपाङ्गता भएका व्यक्ति, तिनका समुह र संस्थासँग परामर्श गरिनेछ। उनीहरूको सहभागिता र प्रतिनिधित्व सुनिश्चित गरिनेछ।<br>४२. अपाङ्गता सम्बन्धी विभिन्न गतिविधिहरू अपाङ्गता भएका व्यक्तिका स्थानीय संस्थाहरूसँग सहकार्य र साझेदारीमा गरिनेछ। |
| **उद्देश्य ६ अपाङ्गता भएका व्यक्तिका लागि सहभागिता, शिक्षा, सञ्चार लगायतका क्षेत्रमा सामना गर्नुपर्ने अवरोधहरूलाइ न्यूनिकरण गर्नु।** | |
| १४. सूचना तथा सञ्चारमा अपाङ्गता भएका व्यक्तिहरूले भोग्ने अवरोधहरूलाई हटाउन सूचना तथा सञ्चारमा पहुँचयुक्त माध्यामहरूलाई प्रवर्धन गर्ने र स्थानीय सरकारको सूचना तथा सञ्चार प्रणालीलाई अपाङ्गता मैत्री बनाउने । | ४३. नगरपालिकाको कार्यालयमा सांकेतिक भाषा दोभाषेको व्यवस्था गरिनेछ र बहिरा व्यक्तिको लागि सांकेतिक भाषाको तालिम सञ्चालन गरिनेछ।<br>४४. नगरपालिकाको वेवसाइटलाई दृष्टिविहीन तथा न्यूनदृष्टियुक्त व्यक्तिका लागि पहुँचयुक्त बनाइनेछ।<br>४५. नागरिक बडापत्र पहुँचयुक्त बनाइनेछ र नगरपालिकाले आम नागरिकलाइ दिने सूचना, सन्देश र जनचेतनामुलक सामाग्रीहरू सांकेतिक भाषा, ठूलो छापा, चित्र, अडियो, भिजुअल, ब्रेल लगायतमा उपलब्ध गराइनेछ। |
| **उद्देश्य ७ अपाङ्गता भएका व्यक्तिहरुको शिक्षा, स्वास्थ्य, रोजगारी, पुनर्स्थापना र सामाजिक सुरक्षाका कार्यक्रमा पर्याप्त पहुँच सुनिश्चित गर्नु।** | |
| १५. शिक्षा र स्वास्थ्यमा अपाङ्गता | ४६. विद्यालय तथा कलेजका भौतिक संरचनाहरू पहुँचयुक्तताको मापदण्ड |

| रणनीति | नीति तथा कार्यनिति |
|---|---|
| भएका व्यक्तिको पहुँच सुनिश्चित गर्न पहुँचयुक्त स्वास्थ्य तथा शिक्षाको अभियान सञ्चालन गर्ने र सबै स्वास्थ्य केन्द्र र विद्यालय तथा कलेजहरूलाइ अपाङ्गता भएका बालबालिका वा विद्यार्थिको लागि पहुँचयुक्त बनाउने। | अनुसार निर्माण गराइनेछ<br>४७. स्थानीय स्वास्थ्य चौकीहरू पहुँचयुक्तता सम्बन्धी मापदण्ड अनुसार निर्माण गर्न र सुधार गर्न लगाइनेछ<br>४८. विद्यालयको शैक्षिक प्रणाली, शिक्षण सिकाइ विधि र शैक्षिक सामाग्रीहरू अपाङ्गता मैत्री बनाउन विभिन्न सहयोग र क्षमता विकास सम्बन्धी तालिमहरू सञ्चालन गरिनेछ।<br>४९. उच्चशिक्षा हासिल गर्ने अपाङ्गता भएका व्यक्तिका लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ।<br>५०. अपाङ्गता भएका व्यक्तिलाइ अपाङ्गताको कारणले गर्नुपर्ने विशिष्ट स्वास्थ्योपचार र सुधारात्मक सल्यकृया (Corrective Surgery) का लागि नगरपालिकाद्वारा सहयोग गरिनेछ। |
| उद्देश्य ८ अपाङ्तगा भएका वालवालिकाको शिक्षा,स्वास्थ्य र पोषणमा पहुँच पुर्याइ उचित सामाजिक संरक्षण प्रदान गर्नु। | |
| १६. स्थानीय स्तरमा उपलब्ध अवसर र संभावनाहरूलाई मध्यनजर गरी अपाङ्गता भएका व्यक्तिलाइ रोजगारीका अवसर र स्वरोजगारी सम्बन्धी कार्यक्रमहरूमा प्राथमिकता दिने। रोजगारी र स्वरोजगारीको क्षेत्रमा पहुँच प्राप्त गर्ने रोक्ने अवरोधहरू हटाउन पहल गर्ने। | ५१. अपाङ्गता भएका व्यक्ति लक्षित रोजगारीका कार्यक्रमहरू सञ्चालन गरिनेछ<br>५२. अपाङ्गता भएका व्यक्तिका लागि स्वरोजगारी सम्बन्धी तालिम सञ्चालन गरिनेछ<br>५३. औपचारीक क्षेत्रका रोजगारी सम्बन्धी अवसरहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकता दिइनेछ<br>५४. नीजि क्षेत्रलाई अपाङ्गता भएका व्यक्तिलाई रोजगारी उपलब्ध गराउन प्रोत्साहन गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ। |
| १७. अति अशक्त तथा पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिका लागि सहयोगी, हेरचाह सेवा, सहायक सामाग्री लगायत अवस्था हेरि आर्थिक सहयोगका कार्यक्रमहरू सञ्चालन गर्ने। | ५५. अति अशक्त र पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिका लागि सहयोगी सेवा र हेरचाह सेवा उपलब्ध गराउन कार्यविधि बनाई लागु गरिनेछ ।<br>५६. सहयोगी र हेरचाहकर्ताको लागि तालिम सञ्चालन गरिनेछ ।<br>५७. पूर्ण अपाङ्गता भएका व्यक्तिको लागि अवस्था हेरि आर्थिक सहयोग उपलब्ध गराइनेछ<br>५८. सहायक सामाग्री आवश्यक पर्नेहरूको विवरण संकलन गरिनेछ, वितरणको मापदण्ड बनाइनेछ र निःशुल्क सहायक सामाग्री उपलब्ध गराइनेछस। |
| १८. अपाङ्गता भएका व्यक्तिका लागि चाहिने आधारभूत पुनर्स्थापना सेवा, स्वास्थ्योपचार, | ५९. स्थानीय स्तरमा सञ्चालित पुनर्स्थापना केन्द्रहरूको संभावना अध्ययन गरिनेछ र यस्ता संस्थामार्फत सेवा दिन क्षमता वृद्धि गरि पुनर्स्थापना सेवाहरू थप गरिनेछ।<br>६०. पुनर्स्थापना सेवा अन्तर्गत थेरापी सेवा लगायत, अपाङ्गता पहिचान, परामर्श, |

| रणनीति | नीति तथा कार्यनिति |
|---|---|
| मनोपरामर्श लगायतका सेवाहरू स्थानीय तहमा उपलब्ध गराउन पहल गर्ने। | मनोपरामर्श, प्रेषण सेवा लगायतका सेवाहरू निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।<br>६१. अपाङ्गता भएका सबै ब्यक्तिहरुलाई उपचारका लागि स्वास्थ्य विमा छाँयानाथ रारा नगरपालिकाले नि शुल्क बनाउने ब्यवस्था मिलाईने छ। |
| १९. अपाङ्गताको प्रारम्भिक पहिचान र मेडिकल स्क्रिनिङको लागि पालिका स्तरमा दक्ष जनशक्ति र प्राविधिक क्षमताको बिकास गर्ने । | ६२. सबै प्रकारका अपाङ्गताको प्रारम्भिक पहिचान गर्न सक्ने जनशक्ति तयार गर्न र पहिचानको लागि उपकरण तयार गर्न आवश्यक तालिमहरू सञ्चालन गरिनेछ। |
| २०. विद्यालय बाहिर रहेका अपाङ्गता भएका बालबालिकाको तथ्याङ्क स्थापित गर्ने र विद्यालय सम्म पुर्याउने बातावरण निर्माण गर्ने। यसको लागि परिवार, अपाङ्गता भएका बालबालिका र विद्यालयको क्षमता विकास र सुधारको लगि विशेष कार्यक्रमहरू ल्याउने। | ६३. विद्यालय बाहिर रहेका अपाङ्गता भएका बालबालिकाको तथ्याङ्क संकलन गरि अवस्था पहिचान गरिनेछ र उनीहरूको अपाङ्गता पहिचान गरिनेछ ।<br>६४. विद्यालयको भौतिक वातावरणमा सुधार गरि अपाङ्गता मैत्री बनाइनेछ र विद्यार्थी भर्ना गराइनेछ ।<br>६५. विद्यालयका शिक्षकहरूलाई समावेशी शिक्षाको लागि आवश्यक तालिमहरू दिइनेछ ।<br>६६. स्रोतकक्षाहरूको अवस्थामा सुधार ल्याइनेछ र पहुँचयुक्त शैक्षिक सामाग्री उपलब्ध गराउन बजेट उपलब्ध गराइनेछ । |
| **उद्देश्य ९ अपाङ्गता भएका महिलाको यौन तथा प्रजनन् स्वास्थ्यको प्रवर्धन गर्ने र उनीहरूमाथि हुने यौनजन्य तथा अन्य प्रकारका हिंसाको न्यूनिकरण गर्नु र न्यायमा पहुँच वृद्धि गर्नु।** | |
| २१. अपाङ्गता भएका महिलाको यौन तथा प्रजनन् स्वास्थ्यको विषयमा जनचेतना फैलाउने, स्वास्थ्य संस्थाहरूको क्षमता विकास गर्ने र अपाङ्गता भएका महिलामाथि हुने हिंसाको विरूद्धमा विभिन्न अभियानहरू सञ्चालन गर्ने। | ६७. यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी कार्यक्रमहरूमा अपाङ्गता भएका महिलाहरूको सहभागिता बढाउने।<br>६८. अपाङ्गता भएका महिला लक्षित यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>६९. स्थानीय स्वास्थ्य चौकी र अस्पतालहरूमा अपाङ्गता भएका महिलाहरूका लागि मैत्रीपूर्ण हुनेगरि लेवर बेड र सहयोगीको व्यवस्था गर्न अभिप्रेरित गरिनेछ।<br>७०. हिंसा प्रभावित अपाङ्गता भएका महिलाहरूलाइ सुरक्षा तथा संरक्षण दिन सेफहाउसहरूलाइ पहुँचयुक्त बनाइनेछ। हिंसा विरूद्ध विभिन्न जनचेतनामुलक कार्यहरू सञ्चालन गरिनेछ। गुनासो र उजुरी दर्ता प्रकृयालाइ पहुँचयुक्त बनाइनेछ। |

| रणनीति | नीति तथा कार्यनिति |
|---|---|
| २२. अपाङ्गता भएका व्यक्तिप्रति समाजमा विद्यमान नकारात्मक सोच, दृष्टिकोण र व्यवहारहरूमा परिवर्तन गराउन विभिन्न जनचेतना मुलक कार्यहरू गर्ने। | ७१. अपाङ्गताको सवालमा बनेका नीति, नियम र निर्देशिकाको बारेमा स्थानीय अपाङ्गता भएका व्यक्तिका संस्थाको सहकार्यमा जनचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>७२. अपाङ्गता भएका व्यक्तिका सफलताका कथाहरू, अपाङ्गताको अधिकारमुखी अवधारणा, अपाङ्गता अधिकार सम्बन्धी महासन्धीको बारेमा जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ।<br>७३. अपाङ्गताको सवालमा भएका असल अभ्यासहरूको प्रचारप्रसार गरिनेछ। समाजमा भएका नकारात्मक सोचहरू हटाउन विभिन्न जनचेतनामुलक कार्यक्रमहरू सञ्चालन गरिनेछ र सूचनामुलक सामाग्रीहरू वितरण गरिनेछ। |
| २३. छायाँनाथ रारानगरपालिका भित्र रहेका अपाङ्गता भएका बालबालिकालाई अन्य बालबालिका सरह बालबचाउ,बालसंरक्षण,बालबिका र बाल सहभागीताका कार्यक्रमहरूमा सहभागी गराउने र त्यस्ता कार्यक्रमहरूबाट लाभान्वित गराउने। | ७४. स्थानीय सरकारले गर्ने बालहित सम्बन्धी कार्यक्रमहरूमा अपाङ्गता भएका बालबालिकालाइ प्राथमिकतामा राखिनेछ ।<br>७५. बालक्लबहरूमा अपाङ्गता भएका बालबालिकाको सहभागिता बढाइनेछ<br>७६. बालबिकास, बाल संरक्षण र बाल सहभागिता सम्बन्धी कार्यक्रमहरूमा अपाङ्गता भएका बालबालिकाको सहभागिता गराइनेछ।<br>७७. अपाङ्गता भएका बालबालिका माथि हुने हिंसा, दुर्व्यवहार र भेदभावका घटनाहरूलाइ न्यूनिकरण गर्न कानुनी कार्वाही र जनचेतनामुलक गतिविधिहरू बढाइनेछ। |
| २४. नगरपालिका स्तरमा हुने खेलकुद, सांस्कृतिक र मनोरञ्जनात्मक गतिविधिहरूमा अपाङ्गता भएका व्यक्ति तथा वालवालिकाहरूको पहुँच अभिवृद्धि गर्दै सामाजिकीकरण र सहभागितालाई प्रवर्द्धन गर्ने। | ७८. नगरपालिकास्तरमा अपाङ्गता भएका व्यक्तिका संस्थाका प्रतिनिधिहरूसँग परामर्श र समन्वय गरि पारा तथा विशेष खेलकुदका कार्यक्रमहरू आयोजना गरिनेछ।<br>७९. सांस्कृतिक तथा मनोरञ्जन स्थलहरू अपाङ्गता मैत्री बनाइनेछ<br>८०. अपाङ्गता भएका व्यक्तिका प्रतिभाहरूलाइ समाजमा प्रोत्साहन गरिनेछ। |
| २५. अवस्थामा अपाङ्गता भएका व्यक्तिहरू माथि हुने जोखिम न्यूनिकरण गर्न अपाङ्गता समावेशी विपद व्यवस्थापनलाइ जोड दिने। | ८१. स्थानीय विपद व्यवस्थापन समितिहरूमा अपाङ्गता भएका व्यक्तिको सहभागिता सुनिश्चित गरिनेछ।<br>८२. अपाङ्गता समावेशी विपद् व्यवस्थापनको विषयमा स्थानीय सरकारका कर्मचारीलाइ तालिम दिइनेछ।<br>८३. विपद् जोखिमको अवस्थामा रहेका अपाङ्गता भएका व्यक्तिको पहिचान गरिनेछ। विपद्को अवस्थामा उद्दार, सेल्टर, राहत, पुनर्स्थापना र |

| रणनीति | नीति तथा कार्यनिति |
|---|---|
| | पुनर्लभिका कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिलाइ प्राथमिकतामा राखिनेछ।<br>८४. विपद् सम्बन्धी सूचनाहरू सांकेतिक भाषा, अडियो, भिजुअल, ठूला छापा अक्षर लगायतका ढाँचाहरूमा प्रवाह गरिनेछ।<br>८५. विपद्को जोखिमबाट बच्नको लागि दिइने तालिमहरूमा अपाङ्गता भएका व्यक्तिलाइ सहभागी गराइनेछ। |

१६. **<u>नगरपालिकाको कार्यक्रमका प्राथमिकताः</u>** (१) नगरपालिकाको कार्यक्रमका प्रथमिकता देहाय बमोजिम रहेको छ।

(क) महिला सशक्तिकरणका कार्यक्रम,

(ख) बाल हेरचाह केन्द्र,

(ग) जेष्ठ नागरिक मिलन तथा सेवा केन्द्र,

(घ) अपाङ्गता भएका व्यक्तिहरूका लागि पुर्नस्थापना केन्द्र।

१७. **<u>लैसअसासको संस्थागत संरचना नगरपालिका स्तरीयः</u>** (१) यो नीतिको कार्यान्वयनको दायित्व छायाँनाथ रारा नगरपालिकाका र यस अन्तर्गतका विभिन्न शाखाको हुनेछ। यस लैसअसास नीतिलाई समन्वय, सहजीकरण, प्रभावकारी कार्यान्वयन, सुपरिवेक्षण तथा अनुगमन गर्न निम्न अनुसारको एक सात सदस्यीय समिति रहनेछ।

(क) नगर प्रमुख - अध्यक्ष

(ख) उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) अपांगता सम्बन्धि काम गर्ने सघंसस्था बाट प्रतिनिधि पालिकाले तोकेको प्रतिनिधि - सदस्य

(ङ) नगर कार्यपालिकाद्वारा मनोनित लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्था मध्येबाट एक जना महिला सहित बढीमा

(च) कार्यपालिकाका सदस्यहरू मध्येबाट एक जना महिला सहित दुई जना - सदस्य

(छ) महिला शाखा प्रमुख - सदस्य सचिव

(२) आवश्यकता अनुसार लैसअसास र अपाङ्गताको क्षेत्रमा कार्यरत गैसस, महिला सञ्जाल, युवा सञ्जाल, अपाङ्गता, दलित संजाल, जेष्ठ नागरिक संजाल भएका व्यक्तिहरुको सञ्जाल, विज्ञ, उद्योग वाणिज्य संघ, पत्रकार महासंघका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा यस समितिमा राख्न सकिनेछ।

(३) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा महिनाको दुई पटक वा वर्षमा (बढीमा) ६ पटक बस्न सक्नेछ।

(४) समितिको बैठक बस्नु भन्दा कम्तिमा २४ घण्टा अगावै समितिको सदस्यसचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनुपर्नेछ।

(५) समितिका कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(६) समितिको बैठकको अध्यक्षता सो समितिका संयोजकले गर्नेछन् र निजको अनुपस्थितिमा समितिमा उपस्थित सदस्यहरु मध्ये जेष्ठ सदस्यको अध्यक्षतामा वैठक बस्नेछ।

(७) समितिको बैठक सम्बन्धि अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१४. **<u>लैसअसास नीति समन्वय, सहजीकरण, कार्यान्वयन, सुपरिवेक्षण तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) लैसअसास नीति समन्वय, सहजीकरण, कार्यान्वयन, सुपरिवेक्षण तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हेको छ।

(क) नगरपालिका भित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाति, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदाय खण्डीकृत तथ्याङ्क संकलन एवं विश्लेषण गर्ने।

(ख) लैङ्गिक आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको समग्र स्थितिको अध्ययन गरी त्यस सम्बन्धि गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नगरसभा समक्ष सिफारिस गर्ने।

(ग) संघ तथा प्रदेश सरकारबाट भएका रणनीति, नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने गराउने।

(घ) लैङ्गिक, आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको हकहितको संरक्षण र सम्वद्र्धन तथा त्यस्तो समुदायको सशक्तिकरणका लागि स्थानीय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नगरसभा समक्ष सिफारिस गर्ने ।

(ङ) यस रणनीतिसँग सम्बन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्ने तथा आवश्यक सुझाव दिने र कार्यक्रम कार्यान्वयनको समिक्षा, अनुगमन तथा मूल्याङकन गर्ने ।

(च) नगरपालिकाको नियमित रुपमा लैङ्गिक तथा सामाजिक समावेशी बजेट परीक्षण गर्ने ।

(छ) लैसअससँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धी, सम्झौताहरुको समन्वय, सहकार्य, सहजीकरण र कार्यान्वयन गर्ने गराउने।

(ज) नगरपालिका क्षेत्रभित्र लैसअसाससँग सम्बन्धि काम गर्ने संघसंस्थाहरुसँग समन्वय, सहकार्य र सहजीकरण गर्ने।

१८. **<u>लैसअसास संस्थागत संरचना वडा स्तरीयः</u>** (१) नगरपालिकाको प्रत्येक वडामा यस नीतिसंग सम्बन्धित कार्यक्रम तथा योजना कार्यान्वयनमा सहयोग गर्न देहाय अनुसारको व्यक्तिहरू रहने गरि एक लैसअसास वडा समिति गठन गरिनेछ।

| | | |
|---|---|---|
| **(क)** | सम्बन्धित वडाको वडा अध्यक्ष | - संयोजक |
| **(ख)** | सम्बन्धीत वडाका वडा सदस्यहरू | - सदस्य |
| **(ग)** | सम्बन्धीत वडा समितिबाट मनोनित लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्थाबाट मनिनित गरेका एक जना महिला सहित दुई जना | - सदस्य |
| **(घ)** | अपांगता सम्बन्धि काम गर्ने सघंसस्था बाट प्रतिनिधि वडाले तोकेको प्रतिनिधि | - सदस्य |
| **(ङ)** | सम्बन्धित वडाको वडा सचिव | - सदस्य सचिव |

१९. **<u>लैसअसास वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) लैसअसास वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हेको छ।

(क) वडा भित्रका महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाति, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको खण्डीकृत तथ्याङ्क संकलन गर्ने।

(ख) वडा भित्रका महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाति, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएका समुदायको हकहितको संरक्षण र सम्वद्र्धन तथा त्यस्तो समुदायको सशक्तिकरणको लागि कार्यक्रम बनाई वडामा पेश गर्ने।

(ग) वडाभित्र योजना छनौट प्रकृयामा महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवसी जनजाति, अल्पसंख्यक आदि समुदायको अर्थपूर्ण सहभागिता अनिवार्य गर्ने।

(घ) वडाका सबै संरचनाहरुमा तेत्तिस प्रतिशत महिला र चार प्रतिशत अपाङ्गताको सहभागिताको सुनिश्चिता गर्ने।

(ङ) यस रणनीतिसँग सम्बन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्न क्षमता अभिवृद्धिको क्षेत्र पत्ता लगाउने र उनीहरुको कार्यक्रमलाई लैसअसास मैत्री बनाउन सहजीकरण गर्ने।

(च) वडाको वार्षिक तथा आवधिक योजना, कार्यक्रम तथा बजेट लैसअसास उत्तरदायी वा संवेदनशील भए नभएको सुनिश्चित गर्ने, विश्लेषण गर्ने र वर्षको अन्तिममा नियति लैसअसास परीक्षण गराउन सहजीकरण गर्ने।

(छ) वडा कार्यालयको कार्यक्षेत्र भित्र लैङ्गिक हिंसा तथा घरेलु हिंसाको उजुरी गर्ने प्रचलन अति न्यून रहेको, उजुरी भै हालेपनि उजुरीकर्ताको सुरक्षाको निम्ति कुनै व्यवस्था नरहेकाले वडा कार्यालयको कार्यक्षेत्र भित्र लैङ्गिक हिंसा, घरेलु हिंसा र र्दुव्यवहार सम्बन्धि विषयमा प्राप्त गुनासाहरु लैसअसास नीति, समन्वय, सहजीकरण, कार्यान्वयन, सुपरिवेक्षण तथा अनुगमन नगर स्तरीय समितिलाई जानकारी गराउने र आवश्यक समन्वय गर्ने गराउने।

(ज) लैसअसास को अवस्था विश्लेषण गर्न गराउन आवश्यक समन्वय गर्ने।

(झ) लैसअसास सम्बन्धी आचारसंहिता निर्माण गर्न सहजीकरण गर्ने।

(ञ) लैसअसास मा काम गर्ने आन्तरिक र बाह्रय संघसंस्थासँग समन्वय र सहकार्य गर्ने।

(ट) लैसअसास सम्बन्धी गुनासोको व्यवस्थापन गर्ने र सोको प्रतिवेदन प्रत्येक महीना नगरपालिकामा रहेको गुनासो अधिकारी समक्ष पेश गर्ने।

२०. **<u>लैसअसास रणनीति कार्यान्वयनको लागि वित्त व्यवस्थापनः</u>**

**(क)** **आर्थिक स्रोतः** (१) "लैसअसास रणनीतिक योजना कार्यान्वयनका लागि आवश्यक स्रोत साधन व्यवस्थापन गर्नु छायाँनाथ रारा नगरपालिकाको प्रमुख दायित्व हुनेछ। नगरपालिकाको सम्पूर्ण विषयगत शाखाहरुले आ-आफ्नो योजना तथा कार्यक्रममा नै "लैसअसासलाई मूलप्रवाहीकरण गर्नु पर्दछ। यो रणनीति कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि, मापदण्ड, निर्देशिका निर्माण, लैसअसास विज्ञको आपुर्ति जस्ता विविध कार्यहरुका लागि लाग्ने अनुमानित स्रोत साधन बारे सरोकारवालाहरु सँग छलफल गरी नगरपालिकाले प्रत्येक आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रमका बेला यस शीर्षकमा आवश्यक बजेट विनियोजन गर्ने छ। लैसलसास रणानीतिक योजना कार्यान्वयन गर्न आन्तरिक तथा बाह्य स्रोतको समेत परिचालन गर्नेछ। लैसअसास मुल प्रवाहिकरणका लागि निम्नानुसार वित्त व्यवस्थापन गनुपर्छ।

**(क)** लक्षित वर्गको विकासको लागि निश्चित प्रतिशत बजेट विनियोजन गनुपर्छ,

**(ख)** उपभोक्ता समिति मार्फत बजेट विनियोजन गरि भौतिक पुर्वाधारका कार्यक्रमहरु सञ्चालन गरिनु पर्छ,

(ग) नगरपालिकामा संचालन भएका विभिन्न गैर सरकारी संस्थाहरुको कार्यक्रम र बजेटलाई नगरपालिकाको कार्यक्रम र बजेटमा समेत समावेश गरिनुपर्छ,

(घ) लैगिक उत्तरदायी बजेट कार्यान्वयन गरि महिलाको अर्थपूर्ण सहभागिता वृद्धि गरिनुपर्छ,

(ङ) स्थानिय स्तरमा कार्यरत लघुवित्त मार्फत लक्षित बर्गलाई सहुलियतदरमा ऋण उपलब्ध गराउन आवश्यक समन्वय गरिनुपर्छ,

(च) संघीय तथा प्रादेशिक मन्त्रालयहरुमा लक्षित विकास कार्यक्रम अन्तरगत विनियोजित बजेटले तय गरेका विषयगत क्षेत्रहरुमा अध्ययन गरी आवश्यक परियोजना प्रस्ताव तयार गरि अधिकतम थोत ल्याउनु पर्छ,

(छ) सरकारी तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था तथा दातृ निकायहरुमा समन्वय गरी थप वजेट व्यवस्थापन गर्ने।

(ज) सार्वजानिक दायित्व अनुसार निजि क्षेत्रहरू सँग पनि आवश्यक समन्वय गरि वित्तको व्यवस्थापन गर्न सकिन्छ।

(ख) **मानवीय स्रोतः** (१) लैसअसास मूलप्रवाहीकरण रणनीतिक योजनालाई प्रभावकारी रुपमा कार्यान्वयनमा लैजान आवश्यकता अनुसार संयोजन र सहकार्य गर्ने प्रमुख जिम्मेवार नगरपालिका स्तरीय लैसअसास कार्यान्वयन समिति रहने। यस रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नगरसभाका सबै पदाधिकारी, वडा, टोलस्तरीय समिति लगायत नागरिक समाजको समेत जिम्मेवारी र दायित्व रहने छ। विभिन्न समिति तथा समूहहरुलाई क्रियाशील बनाउन पालिका स्तरीय समितिको भूमिका प्रभावकारी हुन आवश्यक छ। नगरपालिकाले रणनीतिक योजना कार्यान्वयनको लागि आवश्यक जनशक्तिको क्षमता विकास गरी जिम्मेवार बनाउने छ। लैसअसास रणनीतिक योजना कार्यान्वयन गर्न महिला तथा बालबालिका शाखाले जिम्मेवारी निर्वाह गर्नेछ।

२१. <u>**रणनीति अनुगमन, मूल्यांकनः**</u> (१) यस रणनीतिको सफल र प्रभावकारी कार्यान्वयनको लागि रणनीतिले तोकेका क्षेत्रगत रणनीतिहरु र सो अन्तर्गतका कार्यनीतिहरुको आधारमा वार्षिक तथा आवधिक योजनामा कार्यक्रमहरु समावेश गरी कार्यान्वयनको अनुगमन तथा कार्यक्रमहरुवाट प्राप्त नतिजाहरुको मूल्यांकन गर्ने कार्य छायाँनाथ रारा नगरपालिका वा लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिले गर्नेछ। साथै यो रणनीति कार्यान्वयनको प्रभावकारीता, उपयुक्तता र उपादयताको मुल्याङकनलाई आवश्यकता अनुसार पुनरावलोकन तथा सुधार गर्न सकिनेछ। यस रणनीतिको कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा यस रणनीतिका प्रावधानलाई प्रतिकुल असर नपर्ने गरी छायाँनाथ रारा नगरपालिकाले बाधा अड्चन फुकाउन सक्नेछ ।

२२. <u>**रणनीतिको कार्यान्वयन आउन सक्ने संभावित जोखिम तथा सो जोखिम न्यूनिकरणका उपायहरूः**</u> (१) उल्लेखित नीति, रणनीति र कार्यनीतिहरूको प्रभावकारी कार्यान्वयनको क्रममा आउन सक्ने सम्भाव्य जोखिम तथा चुनौती र जोखिमको निराकरणका लागि देहाय बमोजिमका उपायहरूको अवलम्बन गरिनेछ।

| क्र.स. | संभावित जोखिम | जोखिम न्यूनिकरणका उपायहरू | कैफियत |
|---|---|---|---|
| १ | लैसअसास को बिषय बारेमा समान बुझाईको अभाव तथा स्थानीय तहको प्रथमिकता नगर्नु, | सहभागितात्मक छलफलबाट समान बुझाई बनाउने र लैसअसासको महत्वको बारेमा छलफलको माध्यमबाट प्राथमिकता राख्ने। | |
| २ | नगरपालिकाका सेवा र विकासका कार्यहरू लैसअसास उत्तरदायी भई प्रभावकारी रूपमा कार्यान्वयन नहुनु | नगरपालिका स्तरको निर्देशक समितिलाई उत्तरदायी बनाई, सेवा प्रवाह तथा कार्यान्वयन गर्ने निकायलाई उत्तरदायी बनाउन नगर, टोल स्तरमा समितिहरू गठन गर्ने र लैसअसास | |

| | | | |
|---|---|---|---|
| | | नीतिबारे जानकारी गराउने। | |
| ३ | वडास्तरबाट नै लैसअसास सँग सम्बन्धित योजना तथा कार्यक्रमहरू बस्तुगत रूपमा छनौट नहुनु | योजना छनौट मार्गदर्शन अनुसार कार्यक्रम तथा योजना छनोट गरी कार्यान्वयनमा ल्याउने। | |
| ४ | लैसअसास नीतिको प्रभावकारी कार्यान्वयनका लागी आर्थिक स्रोतको अभाव | योजना तथा कार्यक्रम तर्जुमा गर्दा आवश्यकताका आधारमा लैसअसास सँग सम्बन्धित बजेटको व्यवस्था गर्ने। | |
| ५ | बञ्चितिकरणमा परेका वर्ग तथा समुदायको आर्थिक सशक्तिकरण नहुनु | कार्यक्रम तथा बजेटमै लक्षित समुह वा समुदायका लागि कार्यक्रम छनोट गरी कार्यान्वयन गर्ने | |
| ६ | खण्डिकृत तथ्याङ्क तथा सूचाङ्कहरूको आधारमा योजना कार्यक्रमहरू तयार नहुनु। | योजना तर्जुमा तथा अनुगमन पद्दतीलाई आवश्यकता र तथ्याङ्कमा आधारित बनाउने। | |

२३. **लैसअसास नीतिका अपेक्षित उपलब्धिहरू:**

(क) लैसअसास नीति बारे सबैको बुझाईमा एकरुपता हुनेछ र नगरपालिकाको नीती, कानुन, मापदण्ड, योजनाहरुको लैसअसास उत्तरदायी बनाई लक्षित वर्गमा समानुपातिक लाभ बितरणको हुनेछ।

(ख) नगरपालिकामा सहभागितात्मक प्रणालीबाट लैङ्गिक उत्तरदायी तथा समावेशी कार्यक्रम तथा बजेट तर्जुमा भई कार्यान्वयन हुने।

(ग) नगरपालिकाका आवश्यक सेवा र विकास कार्यक्रमका सूचनाहरुको पहुँच लक्षित वर्ग सम्म पुग्ने छ र उनीहरुको अर्थपूर्ण सहभागीता वृद्धि हुदै जाने।

(घ) नगरपालिकाका लक्षित बर्गहरुको सहभागिता विकास कार्यक्रममा भई उनीहरुले सार्वजनिक स्रोत, साधन र लाभमा पहुँच तथा निर्णय प्रकृयामा सहभागिता वृद्धि हुने।

(ङ) नगरपालिकाका सेवाप्रवाह र कार्यक्रम कार्यान्वयनमा सम्बद्ध सरोकारवालाहरुको लैसअसास सम्बन्धी क्षमता अभिवृद्धि भई गाउँपालिकाको सबै कार्यमा लैसअसासमैत्री हुने।

(च) नगरपालिकामा सबै प्रकारका भेदभावजन्य प्रचलन र व्यवहार कम भई सामाजिक सद्भाव र सुमधुर बातावरण बन्ने छ।

२४. **संशोधन:** (१) यस रणनीतिमा संशोधन गर्नुपर्ने वा परिमार्जन गर्नुपर्ने देखिएमा कार्यापालिकाको बैठकले आवश्यकता अनुसार गर्न सक्नेछ।

२५. **खारेज तथा बजाउ:** (१) यस रणनीतिमा लेखीएको कुरा कुनै संघिय कानुन संग बाझिन गएमा कार्यपालिकाले बाधा अडकाउ फुकाउन सक्नेछ।

(२) यो रणनीति लागू हुनु भन्दा अगाड़ी भएका कार्यहरू यसै रणनीति बमोजिम भएको मानिनेछ।

(३) छायाँनाथ रारा नगरपालिकाको अपाङ्गता सम्बन्धी स्थानीय नीति, २०८० खारेज गरिएको ।

प्रकाशित मिति २०८२-०९-............

**आज्ञाले**
पूर्ण बहादुर शाही
नि. प्रमुख प्रशासकीय अधिकृत